

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक २६४ • २०८१ साल फाल्गुन ०६ गते मंगलबार (18 February, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## विदेह नपामा ८३ कर्मचारी बर्खास्त



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा जिल्लाको विदेहनगरपालिकामा प्रशासनिक तहमा कार्यरत ८३ जना कर्मचारीलाई बर्खास्त गरिएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपेन्द्रकुमार साहले ती कर्मचारीहरुलाई बर्खास्त गरेका हुन्।

प्रमुख प्रशासकीय अधिकृत साहले नगर प्रहरी, डोर हाजिरी, नयाँ नियुक्ति तथा करार सेवाका विभिन्न तहका कर्मचारीलाई हटाइएको बताए।

उनले विदेह नगर प्रहरीतर्फ असईदेखि प्रहरीसम्म १२ जना, नयाँ नियुक्ति भएका १० जना, डोर हाजिरीका ३५ जना, ६ महिनाका लागि नियुक्त गरिएका करार सेवाका २० जना तथा १ वर्षका लागि नियुक्त गरिएका ६ जनालाई पत्राचार गर्दै पदमुक्त गरेका छन्।

स्थायी कर्मचारीहरूमध्ये छैटौं तहका कर्मचारी दानी ठाकुर र स्टोरका कर्मचारी भुला यादवलाई पाँच वर्षका लागि ग्रेड वृद्धि रोक्का गर्न सिफारिस गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत साहले यसको पुष्टि गर्दै भने, "नयाँ नियुक्त गरिएका १० कर्मचारी हटाइएको छ। परीक्षा लिने क्रममा अवजेक्टिभ प्रश्नपत्र बाहिरिएको गुनासो आएको थियो, जस कारण ती कर्मचारी हटाइएका हुन्।"

कार्यविधि मिचेर करार सेवामा कर्मचारी राखिएको तथा राज्य कोषको दुरुपयोग हुने गरी डोर हाजिरीमा कर्मचारी नियुक्त गरिएकाले तिनीहरूलाई हटाइएको उनले प्रस्ट्याए। साहले दिएको जानकारी अनुसार नगरपालिकामा सुशासन कायम गर्न र प्रशासनिक प्रणालीलाई व्यवस्थित गर्न यो कदम चालिएको छ।

प्रमुख प्रशासकीय अधिकृतले त्यति धरै संख्यामा कर्मचारी बर्खास्त गरेपछि बर्खास्तीमा परेका कर्मचारीहरुले विरोध जनाएका छन्।

यसका साथै उनले कार्यविधि मिचेर करार कर्मचारी राखिएको र राज्यकोषको दुरुपयोग हुने गरी डोर हाजिरीमा कर्मचारी राखिएको भन्दै उनीहरूको नियुक्ति समेत खारेज गरिएको जानकारी दिए।

कर्मचारी बर्खास्त सम्बन्धमा मेयर बेचन दासले आफ्नो सहमति नरहेको बताउँदै प्रमुख प्रशासकिय अधिकृत साहले बदमासी गरेको आरोप लगाएका छन्।

'साह एकहोरो किसिमका रहेको र प्रशासनिक अनुभवको समेत अभाव रहेको छ' उनले भने, गलत काम गरेकाले उनको सोमबार नै सरुवा भएको छ।

### सीएम सिंहको 'नायक रोल'

# एम्बुलेन्स ड्राइभरदेखि क्रसर उद्योगमा छापा, होटेलमा 'सेटिंग'

**प्रमोद रंगिले**

जनकपुरधाम। मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेका अवैध नर्सिंग होम र क्रसरमा छापामारी गर्ने अभियान चलाएका मुख्यमन्त्री सतीशकुमार सिंहका सहयोगीहरुले होटेलमा 'सेटिंग'को धन्धा चलाएको आरोप लागेको छ।

प्रदेशको राजधानी जनकपुरधाममा दर्जनौं निजी अस्पताल (नर्सिंग होम) अवैध रुपमा सञ्चालनमा रहेका छन्। मुख्यमन्त्री सिंहले छापामारी गर्न थालेपछि घोषित रुपमा ४ वटा अस्पताल बन्द भएका छन्। बन्द भएको अस्पतालमा पनि स्वास्थ्य सम्बन्धी कार्यहरु भित्रबाट भई नै रहेको मुख्यमन्त्री सिंहको एक्सनले देखिएको छ।

मुख्यमन्त्री सिंहले आइतबार राति एम्बुलेन्स चालक भएर एउटा अस्पतालका गार्डलाई फोन गरी अस्पताल सञ्चालनको विषयमा जानकारी मागेका थिए। मुख्यमन्त्री सिंहले आफूलाई एम्बुलेन्सको चालक बताउँदै 'मालदार' बिरामी लिएर आएकाले भर्ना गरिदिन आग्रह गरेका थिए। तर गार्डले अस्पताल बन्द रहेको जानकारी गराउँदै भर्ना गर्न अस्वीकार गरेका थिए।

सो संवादलाई मुख्यमन्त्री सिंहले अत्यन्त प्राथमिकताका साथ विभिन्न माध्यमबाट सार्वजनिक गरे। मुख्यमन्त्री सिंहले गार्डसित गरेको संवाद र गार्डको बौद्धिक, पदीय हैसियतसमेतबारे अनेक प्रतिकृयाहरु सार्वजनिक भएका छन्।



पछिल्लो दुई हप्तामा मुख्यमन्त्री सिंहले क्रसर र निजी अस्पतालमा छापामारी गरेका छन्। अवैध रुपमा सञ्चालित क्रसरहरुलाई बन्द गराउन मुख्यमन्त्री सिंहले गरेको रात्रि कारबाहीको प्रारम्भमा व्यापक प्रशंसा गरिएको थियो। तर मुख्यमन्त्री सिंहले राजमार्गमा टिपर रोक्ने प्रयास गरिरहँदा जनकपुरधामको महाबीर चोक स्थित एउटा होटेलमा मध्यराति 'सेटिंग' भइरहेको आरोप लागेको छ।

त्यसपछि क्रसरको कारबाहीलाई विराम दिएर मुख्यमन्त्री अवैध अस्पतालविरुद्ध कारवाही चलाए। जनकपुरधाममा मापदण्ड पूरा गरी सञ्चालनमा रहेका निजी अस्पतालको संख्या औंलामा गणना गर्न सकिने भए पनि बन्द ४ वटा मात्र भएका छन्। अस्पताल रोडमा कयौं लैव, पोलिक्लिनिक, नर्सिंग होम मापदण्ड पूरा नगरी बिना इजाजत सञ्चालनमा छन्। अदालतबाट दोषी ठहर भइ कारबाहीमा परेका चिकित्सकहरुले समेत निजी अस्पतालमा प्राक्टिस गरिरहेका छन्।

तर मुख्यमन्त्री सिंहले कारबाही गरी बन्द गराएका अस्पतालमा कहिले पदीय हैसियतले त कहिले एम्बुलेन्स चालक भएर गार्डसित संवाद गरी तर्साउने काम गरिरहेको इजाजत प्राप्त अस्पतालका सञ्चालकहरु बताउँछन्।

इजाजतका लागि मापदण्ड पूरा नगरेका सबै अस्पताल अवैध भएकाले प्रदेश सरकारले कारबाही गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन्। अवैध अस्पतालहरुले ब्रम्हलुट मच्चाएको र अवैध गतिविधि समेत गरिरहेको आरोप लाग्दै आएको छ।

मुख्यमन्त्री सिंहले अवैध क्रसर, नर्सिंग होममाथि गरेको कारबाहीले निरन्तरता नपाएको आरोप लाग्न थालेको छ। नदीमा हुने अवैध उत्खनन रोक्न नदीमै पुगेका मुख्यमन्त्री सिंहको अभियान भने हाल सेलाएको आरोप लाग्न थालेको छ। नदीजन्य पदार्थको अवैध उत्खनन जारी नै रहेको देखिन्छ। अवैध उत्खननमाथि रोक लगाइए निर्माण काम तत्काल प्रभावित हुने भए पनि 'सेंटिंग'कारण अवैध उत्खनन जारी रहेको बताइएको छ।

प्रदेशमा विकास निर्माणको कार्य प्रभावकारी ढंगले अगाडि नबढेको आलोचना खेप्दै आएका मुख्यमन्त्री सिंहले भारतीय चलचित्र'नायक'को चर्चा बटुल्ने प्रयत्न गरेर अवैध असुलीमा लागेको विपक्षी दलका नेताहरुले आरोप लगाएका छन्।

मुख्यमन्त्री सिंहले कानुनी प्रकृया पूरा नगरी सस्तो लोकप्रियताका लागि निरीक्षण गर्ने काम गरेको जनता समाजवादी पार्टी(जसपा)नेपालका मधेश प्रदेश प्रमुख सचेतक रामअशिष यादवले आरोप लगाएका छन्। 'मधेश प्रदेशको गौरवको योजना रहेको मधेश कृषि विश्वविद्यालयलाई नै धराशायी बनाएर मुख्यमन्त्री सिंहले क्रसर र अस्पतालको छानबिनमा लागेका छन्' उनले भने, बहुत चाँडै मुख्यमन्त्रीको निरीक्षणको उद्देश्य सर्वसाधारणले बुझ्ने छन्।

कृषि विश्वविद्यालयमा कार्यरत्त प्राध्यापक, कर्मचारी, भीसी, रजिष्ट्रारहरुले ७ महिनादेखि तलब नपाएपछि तालाबन्दी गरिएको छ। विद्यार्थीहरुको पठनपाठन पूर्ण रुपमा ठप्प भएको र नयाँ शैक्षिक सत्रका लागि भर्ना समेत रोकिएको उनले बताए।

संघीय संसदमा सरकारले दर्ता गरेको अध्यादेश प्रकरणमा मधेश प्रदेश सरकारको नेतृत्व गर्ने जनमत पार्टी हट्ने चर्चा शुरु भएदेखि मुख्यमन्त्री सिंहले 'निरीक्षण र सेंटिंग'मा लागेको आरोप छ।




## युवा च्याम्पियनहरूका लागि एसआरएचआर पोडकास्ट कार्यशाला सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । ब्रिटिस काउन्सिल, भिएसओ र युकेएडको साझेदारीमा संचालित जेम्स परियोजनाको आर्थिक सहयोगमा तथा आसमान नेपाल गौर शाखाको आयोजनामा तीन दिने एसआरएचआर (यौन र प्रजनन स्वास्थ्य र अधिकार) पोडकास्ट कार्यशाला कार्यक्रम गौतम होटेल चन्द्रनिगाहपुर, रौतहटमा सफलतापूर्वक सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै जेम्स परियोजनाका रौतहट परियोजना संयोजक संजय कुमार यादवले एसआरएचआर पोडकास्ट शिक्षा र वकालतको लागि एक प्रभावकारी उपकरण भएको बताए।

उनले यस माध्यमले चेतना जगाउन, शिक्षा प्रवर्द्धन गर्न, व्यक्तिहरूलाई सशक्त बनाउन तथा लैङ्गिक समानता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे।

यस कार्यशालामा बारा र रौतहटका २० जना युवा च्याम्पियनहरूको सहभागिता रहेको थियो। उनीहरूलाई सार्वजनिक शिक्षा, वकालत र सामाजिक परिवर्तनका लागि प्रभावकारी एसआरएचआर पोडकास्ट उत्पादन गर्न आवश्यक सीप प्रदान गरिएको थियो। प्रशिक्षणका लागि गुलाबी संवाद कार्यालय, काठमाडौंबाट करुणा देवकोटा र सबिता आचार्य आएका थिए।

कार्यक्रमलाई सफल बनाउन आसमान नेपाल गौर शाखाका स्वास्थ्य सहजकर्ता मंजु रजक, सुरज सहनी, फाइनान्स अफिसर आशिष कुमार मिश्र, अजित कुमार यादव, भिएसओ रौतहटका आरती पटेल, बारा शाखाका परियोजना संयोजक प्रिती थापा र भिएसओ बाराका अनिता पौडेलको विशेष भूमिका रहेको थियो।

सहभागीहरूले प्रशिक्षणलाई अत्यन्त उपयोगी र प्रभावकारी रहेको प्रतिक्रिया दिँदै भविष्यमा पनि यस्ता कार्यक्रमहरूको निरन्तरता आवश्यक रहेको बताए। समापनमा परियोजना संयोजक यादवले कार्यक्रम सफल बनाउन योगदान दिने सम्पूर्ण टिमप्रति आभार व्यक्त गर्दै कार्यशालाले सहभागीहरूलाई एसआरएचआर क्षेत्रमा दीर्घकालीन प्रभाव पार्ने विश्वास व्यक्त गरे।




## बोध दिवसमा ७ नव जोडीहरुको दाइजोमुक्त सामुहिक अन्तर्जातीय विवाह

**टुडे समाचारदाता**

जनकपुरधाम । सतलोक आश्रम धनुषामा ७ नव जोडीहरुको दाइजो रहित सामुहिक विवाह गराइएको छ । समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत यो विवाह गराईएको हो।

सतलोक आश्रम धनुषामा सन्त रामपालको ३८ औँ बोध दिवस यस वर्ष पनि भव्यताका साथ मनाईंदै छ। सन्त रामपालका अनुयायीहरु द्वारा फागुन ३ देखि ५ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रमको दोस्रो दिन फाल्गुन ४ गते आइतबार विभिन्न सामाजिक कार्यक्रमहरु सम्पन्न गरिएको छ।

सन्त रामपालको बोध दिवस हरेक वर्ष मनाउने गरिएको आयोजकले जनाएका छन्।





कार्यक्रममा सन्त गरिबदासद्वारा रचित अमरग्रन्थ साहेबको अखण्ड पाठ जारी राख्दै ७ नव जोडिहरुको दाइजो तथा आडम्बरमुक्त विवाह (रमैणी) गराइएको छ। यस विवाहमा कुनै प्रकारको सरसामान तथा नगद लेनदेन भएको छैन भने बेहुला वा बेहुली दुवैपक्षको कुनै पनि खर्च भएन। सवै आगन्तुकहरुलाई खाने तथा बस्ने व्यवस्था आश्रमकै तर्फबाट विशाल भण्डारामा गरिएको जनाइएको छ। मात्र १७ मिनेटको गुरुवाणी द्वारा तेत्तीस करोड देवीदेवताहरुको स्तुति गरी आफ्नो गुरुदेवजीको आशीर्वाद लिएर लाखौं श्रद्धालुहरु सामु उक्त विवाह समपन्न भएको छ । अनुयायीहरुले यस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीलाई ६० युनिट रक्तदान पनि गरेका छन्। कार्यक्रममा पूर्व केन्द्रिय सांसद रामचन्द्र झा, पूर्व केन्द्रिय मन्त्री मातृका प्रसाद यादव तथा अन्य विशिष्ट व्यक्तिहरु, सशस्त्र प्रहरी धनुषाका क्ए, विभिन्न न.पा. का मेयर तथा वडा अध्यक्षहरु, विभिन्न निकायका प्रमुख कर्मचारीहरु, डाक्टर तथा इन्जिनियरहरु लगायतका व्यक्तित्वहरुको सहभागीता रहेको थियो।

विशाल भण्डारामा शुद्ध घ्युबाट तयार गरिएको लड्डु, जेरी, बर्फी तथा हलुवा प्रसादका साथै रोटी, पूरी, तरकारी, आदि परिकार हरुको व्यवस्था रहेको छ।

जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धैरै संख्यामा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउने तयारी रहेको आयोजकले बताएका छन्। यसका साथै धैरै भन्दा धैरै संख्यामा आम जनसाधारणलाई कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरिएको आयोजकले जनाएका छन्।

तेस्रो दिन भोग आरती र सत्संग गरी कार्यक्रम सम्पन्न हुने कुरा आयोजकले जनाएका छन्। कार्यक्रमको पहिलो र दोस्रो दिन गरी करीब ४ लाख जति श्रद्धालुहरुको उपस्थित रहेको आयोजकले जनाएको छ।

## रौतहटका पत्रकार श्रीवास्तव लाई पितृशोक



**टुडे समाचारदाता**

रौतहट। नेपाल पत्रकार महासंघ रौतहट शाखाका सहसचिव पत्रकार जितेन्द्रलाल श्रीवास्तवलाई पितृशोक परेको छ। उनको बुवा जगदीशलाल श्रीवास्तवको आइतबार निधन भएको हो। ७१ बर्षीय श्रीवास्तको रौतहटस्थित आफ्नै घरमा निधन भएको थियो। यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टीले एक प्रेस विज्ञप्ति जारी गर्दै उनको निधन प्रति दुःख व्यक्त गरेको छ। राप्रपाका केन्द्रीय सलाहकार समिति सदस्य समेत रहेका श्रीवास्तवको निधनले सिंगो पार्टी लाई अपूरणीय क्षति भएको अध्यक्ष राजेन्द्र लिङदेन द्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ।

## गायक रुद्रसेनको भोजपुरी गीत 'दे दन प्यार गोरी' सार्वजनिक

**टुडे समाचारदाता**

बर्दिवास। भोजपुरी संगीत पारखीहरूका लागि बहुप्रतीक्षित नयाँ गीत 'दे दन प्यार गोरी' सार्वजनिक भएको छ। गयक रुद्रसेन बिश्वकर्माको शब्द लेखन र गायकी तथा चर्चित कलाकार सागर लम्साल (बले) र नायिका शिल्पा पोखरेलको आकर्षक जोडीले अभिनय गरेको यस गीतले दर्शक तथा श्रोतालाई मनोरञ्जनको नयाँ अनुभव दिने विश्वास गरिएको छ।

नेपाली, भोजपुरी तथा मैथिली गीतमा आफ्नो छुट्टै पहिचान बनाएका गायक रुद्रसेनले गीतलाई १४ फेब्रुअरीको दिन आफ्नै युटुब च्यानल रुद्रसेन क्रिएसन मार्फत बजारमा ल्याएका हुन्।

उक्त गीतमा रुद्रसेन र प्रतिमा अर्यालको आवाज रहेको छ। गितमा प्रेमिल भावना र रमाइलो माहोललाई ब्यक्त गरिएको छ। गीतमा आधुनिक संगीतको स्पर्शसहित परम्परागत भोजपुरी लयको उत्कृष्ट मिश्रण सुन्न सकिन्छ।

प्रदीप कुमार रसाइलीको नृत्य निर्देशनमा बनेको भिडियोको कोरियोग्राफी आकर्षक र जोशिलो छ। सागर र शिल्पाको जोडीले नृत्यमा प्रस्तुत गरेको ऊर्जा र भावनात्मक अभिव्यक्तिले दर्शकको मन जित्न सक्ने सम्भावना छ। भिडियोको छायांकन ज्ञानेन्द्र शर्मा र उनको टिमले काठमाडौं सहित विभिन्न ठाउँको आकर्षक लोकेसनहरूमा गरेका छ्न्।



गीतको निर्माण निर कुमारी विश्वकर्मा 'सविना'ले गरेकी हुन्। संगीतको एरेन्जिङ, मिक्सिङ र मास्टरिङ भारतका कुशल एरेन्जर प्रमोदले गरेका छन्। कोरसमा शशि झा र उनका साथीहरूको मधुर आवाजले गीतमा विशेष आकर्षण थपेको छ।

रुद्रसेन क्रिएसन प्रा.लि.को प्रस्तुति रहेको यो गीत 'दिलवाली' नामक एल्बममा समावेश गरिएको छ। एल्बममा समावेश अन्य गीतहरूसमेत श्रोताहरूको मन जित्न सक्ने खालका रहेको निर्माण टिमको दाबी छ। पहिलोपटक भोजपुरी गीतमा एकसाथ देखिएका सागर लम्साल (बले) र शिल्पा पोखरेलको जोडीप्रति दर्शकको विशेष उत्सुकता छ। नेपाली टेलिभिजन तथा म्युजिक भिडियोमा निकै रुचाइएका यी दुई कलाकारको यो सहकार्यले दर्शकहरूमा नयाँपनको अनुभव दिनेछ। विशेष गरी सागरको हास्य भूमिका र शिल्पाको मोहक प्रस्तुतिले गीतलाई थप मनोरञ्जनात्मक बनाएको छ।

प्रेम दिवस (भ्यालेन्टाइन्स डे)को अवसर पारेर सार्वजनिक गरिएको यो गीतले प्रेमी-प्रेमिकाहरूको मन छुने अपेक्षा गरिएको छ। गीतको लय, शब्द र अभिनयले प्रेमको भावनालाई जीवन्त बनाएको छ, जसले युवापुस्तालाई विशेष आकर्षित गर्नेछ।

भोजपुरी संगीतमा नवीनपनको स्वाद दिने यस गीतलाई रुद्रसेन क्रिएसन प्रा.लि.को आधिकारिक युट्यूब च्यानलमा हेर्न सकिन्छ।

गीतले छोटो समयमै दर्शक तथा श्रोताहरूको राम्रो प्रतिक्रिया पाएको छ।

नयाँ जोडीको प्रस्तुति, उत्कृष्ट संगीत र मनमोहक लोकेसनले सजिएको 'दे दन प्यार गोरी' गीतले भोजपुरी संगीत पारखीहरूलाई विशेष उपहार दिनेछ।

## सिमेन्टको मूल्य वृद्धिप्रति सांसदहरूको आपत्ति

काठमाण्डु । सांसदहरूले सिमेन्टको मूल्य वृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभा सदस्यहरूले सभामुखमार्फत बजारमा सिमेन्टको मूल्य वृद्धिले उपभोक्ता मारमा परेको भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो । सभाको सोमबारको बैठकमा उपलब्ध शून्य समयमा बोल्दै सांसद राजेन्द्रकुमार केसीले सिमेन्टको मूल्य वृद्धि विनाकारण बढाइएको भन्दै आपत्ति जनाउनुभयो। सांसद केसीले भन्नुभयो, "झन्डै ९८ प्रतिशत बढी स्वदेशी कच्चापदार्थमा उत्पादन हुने नेपाली सिमेन्टको हाल अत्यधिक बजार मूल्य वृद्धि भएको छ। बिनाकारण किन यो मूल्य बढयो ?" उहाँले भारतमा समेत निर्यात गर्न थालिएको नेपाली सिमेन्टको बजार मूल्य वृद्धिले उपभोक्ता महँगीमा परेको भन्दै उद्योग मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

यस्तै, अर्का सांसद योगेन्द्र मण्डलले सिमेन्टको मूल्य कायम गर्न सम्बन्धित मन्त्रालयले गरेको निर्णयको समेत कार्यान्वयन नभएको भन्दै खेद प्रकट गर्नुभयो। उहाँले सिमेन्टको मूल्य वृद्धिले निर्माण व्यवसायी र आमनागरिकलाई परेको मर्कातर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

"गत साउन महिनामा सिमेन्टको दर रेट रू ४८४ फ्याक्ट्री रेट थियो। हाल रू ७४५ छ। यसको असर रू २२ अर्ब निर्माण व्यवसायीलाई घाटा भएको छ। आम उपभोक्तालाई रू चार अर्ब घाटा भएको छ", सांसद मण्डलले भन्नुभयो, "यस सम्बन्धमा उद्योग मन्त्रालयसँग निर्माण व्यवसायी र सिमेन्ट उत्पादक सङ्कको छलफलपछि प्रतिबोरा रू १२० मा बिक्री-वितरण गर्ने निर्णय भएको थियो। दुर्भाग्यको कुरा मन्त्रीसँग भएको निर्णय कार्यान्वयन भएको छैन।"

शून्य समयमा सांसदहरू सडक, पुल निर्माण, उखु किसानलाई अनुदान, स्वास्थ्य बिमा, कर्मचारीलाई तलब भत्ता निकासालगायतका विषयमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। सांसद भानुभक्त जोशीले हमासको कब्जामा रहेका विपिन जोशीको रिहाइका लागि सरकारले कूटनीतिक पहल र दबाब बढाउन अनुरोध गर्नुभयो।



सांसद मनिष झाले जनकपुरधामको एक हजार २०० बिघा जग्गा हिनामिनाको विषयमा आफूले गरिरहेका अध्ययन-अनुसन्धानबारे आगामी संसद्मा प्रस्तुत गर्ने बताउनुभयो। उहाँले उक्त जग्गा हिनामिनाको खोजतलास गर्नेतर्फ सरकारको समेत ध्यानाकर्षण गराउनुभयो।

"सत्रौं शताब्दीमा मकवानपुरका तत्कालीन राजा र रानीले एक हजार ४०० बिघा जग्गा दिएर जनकपुर पुनःनिर्माण गरियो। बहत्तर कुण्ड र बाउन्न कुटीको सहरका रूपमा परिचित भयो", सांसद झाले भन्नुभयो, "तर अहिले २०० बिघा मात्र बाँकी छ। यससम्बन्धी खोज गर्दैछौं। आगामी बैठकमा कुन कुन नेताले कति कति जग्गा लिएको छ भन्ने उपस्थित हुनेछ।"

सांसद महेश बस्नेतले संवैधानिक व्यवस्था विपरीत सरकारी कार्यालयहरूमा अङ्ग्रेजी भाषाको प्रयोग गर्न हुने/नहुने विषयमा सचेत हुनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो। सांसद मैना कार्कीले रासायनिक मलको प्रयोग र विषादीको प्रयोगले स्वास्थ्यमा पार्ने जोखिमबारे ध्यानाकर्षण गराउनुभयो।

बैठकमा सांसद मङ्गलप्रसाद गुप्ताले कपिलवस्तुका उखु किसानले सरकारले घोषणा गरेको अनुदान प्राप्त गर्न नसकेको भन्दै तत्काल उपलब्ध गराउन माग गर्नुभयो। ।रासस

### मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, सिक्स लाइन, बसहिया जानेबाटोको नजिकमा Parking बाट मिति २०८१/११/०३ गते करिब १:०० बजे प्रदेश २-०२-००१ प ८४१५ नम्बरको कालो रातो रंगको ईन्जिन नं. BE4HK2100419 चेचिस नम्बर M063BE412H00395 को TVS कम्पनीको Apache RTR 160cc मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः बिख्रेश कुमार यादव**
**ठेगानाः मिथिला बिहारी-६, धनुषा**
**मो.नं.: ९८००८०३३३२**

### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ।
**वृष :** आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ।
**मिथुन :** नयाँ व्यवसाय सुरु गर्ने मौका छ।
**कर्कट :** प्रयत्न गर्दा भाग्यले साथ दिनेछ।
**सिंह :** रमाइलोयात्राकोअक्सरजुटनसक्छ।
**कन्या :** प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ।
**तुला :** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ।
**वृश्चिक :** विगतका कमजोरी सच्याउने मौका मिल्नेछ।
**धनु :** काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।
**मकर :** सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ।
**कुम्भ :** अध्ययन अध्यापनमा प्रगति हुनेछ।
**मीन :** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बालबालिकाको क्यान्सरको उपचारमा प्रयोग हुने औषधि ल्याइयो

काठमाण्डु । बालबालिकाका लागि क्यान्सर रोगको उपचारमा प्रयोग गर्ने औषधि ल्याइएको छ । नेपालले 'ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स'अन्तर्गत बालबालिकामा हुने क्यान्सर उपचारका लागि अत्यावश्यक औषधिको पहिलो चरणको औषधि आइतबार प्राप्त गरेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले पहिलो चरणमा १० प्रकारका औषधि ल्याइएको जानकारी दिनुभयो । विश्व स्वास्थ्य सङ्गठन नेपाल कार्यालयले बालबालिकालाई प्रयोग हुने क्यान्सरको औषधि दुई हजार तीन सयभन्दा बढी प्याक नेपाल आइपुगेको जनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) नेपालस्थित कार्यालयले 'सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल'सँग समन्वय गरी औषधि खरिद गरेको हो । नेपाललाई उक्त औषधि निःशुल्क उपलब्ध गराइएको हो । सेंट जुड चिल्ड्रेन्स रिसर्च हस्पिटल र डब्लुएचओको संयुक्त पहलमा संसारभरका क्यान्सरपीडित बालबालिकाको जीवनरक्षक औषधिमा पहुँच सुनिश्चित गर्न ग्लोबल प्लेटफर्म फर एक्सेस टु चाइल्डहुड क्यान्सर मेडिसिन्स सन् २०२१ मा स्थापना गरिएको हो । सरकारले गत मङ्सिर १ गतेबाट लागू हुनेगरी चारवटा अस्पतालबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने घोषणा गरेको छ ।

यी औषधिले भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र भरतपुर क्यान्सर अस्पतालमा उपचाररत बालबालिकाले निःशुल्क पाउने मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । डब्लुएचओका अनुसार नेपालमा हरेक वर्ष करिब नौ सय नयाँ बालबालिकामा क्यान्सर देखापर्ने गरेका छन् । औषधि अभाव र विभिन्न चुनौतीका कारण एकतिहाइ बालबालिकाले मात्र उचित उपचार पाउने गरेको बताइएको छ । सन् २०२० मा नेपाल डब्लुएचओको 'ग्लोबल इनिसीएटिभ अफ चाइल्डहुड' क्यान्सरको प्राथमिकतामा परेको थियो । सन् २०२२ मा नेपाल ग्लोबल प्लेटफर्ममा सहभागी हुन छनोट भएका विश्वभरका छ देशमध्ये एक र विश्व स्वास्थ्य सङ्गठनको दक्षिण-पूर्वी एसिया क्षेत्रका सदस्य राष्ट्रमध्ये एकमात्र राष्ट्र बनेको थियो ।

स्वास्थ्य मन्त्रालयले सन् २०२४ को मार्चमा उक्त कार्यक्रम सञ्चालन गर्न सहमतिपत्रमा हस्ताक्षर गरेको थियो । सहमतिअनुसार नेपालले बालबालिकाको क्यान्सर उपचारका लागि पाँच वर्षसम्म निरन्तर रूपमा ३५ प्रकारका अत्यावश्यक गुणस्तरीय औषधि निःशुल्क प्राप्त गर्नेछ ।

डब्लुएचओका अनुसार नेपालमा क्यान्सरपीडित बालबालिकाको बाँच्ने सम्भावना दर हाल ३० प्रतिशतभन्दा कम छ । जबकि उच्च आय भएका देशमा दर ८० प्रतिशतभन्दा बढी छ ।रासस

# पर्सामा वन जोगाउनै मुस्किल



वीरगञ्ज । पर्सा जिल्लामा तीन साझेदारी वन र त्यसको आसपासको क्षेत्रमा गरेर चार सय ६८ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका अनुसार जिल्लामा ठोरी, गादीमाई, विन्ध्वासिनी, सबैया साझेदारी वन क्षेत्र बढी अतिक्रमणमा परेको छ । डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत मञ्जुर अहमदले जिल्लाको ठूलो जनसङ्ख्याको लागि काठको अत्यधिक माग र कमजोर वन प्रशासनको फाइदा लिँदै तस्करबाट वन फँडानीका कारण पनि वन अतिक्रमण गर्ने प्रवृत्ति देखिएको जानकारी दिनुभयो ।

"डिभिजन वन कार्यालयसँग दरबन्दी अनुसारको कर्मचारी पनि छैनन् । जसको कारणले सीमित जनशक्तिको कारणले पनि पर्याप्त मात्रामा अनुगमन र रेखदेख गर्न पनि समस्या भएको छ," उहाँले भन्नुभयो,"कार्यालयमा एक सय कर्मचारीको दरबन्दी भए पनि अहिले ५३ जना कर्मचारी मात्रै रहेका छौँ । सीमित स्रोतसाधन र जनशक्तिकोबीच काम गरिरहेका छौँ ।"

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०८० को प्रतिवेदन अनुसार पर्सा जिल्लामा सबैभन्दा धेरै वन अतिक्रमण परेको क्षेत्रमा ठोरी ४ बाराहनदीदेखि पश्चिम क्षेत्र पर्दछ । जहाँ दुई सय हेक्टर वन अतिक्रमणमा परेको छ । गादीमाई साझेदारी वन क्षेत्र १६७ दशमलव ६८ हेक्टर अतिक्रमणमा परेको छ ।

सखुवाप्रसौनी साझेदारी वन ३३ दशमलव २ हेक्टर, सबैया साझेदारी वन २२ दशमलव २३ हेक्टर क्षेत्रफल अतिक्रमणमा परेको छ । त्यस्तै, विन्ध्वासिनी साझेदारी वन १२ दशमलव ६ हेक्टर अतिक्रमणमा परेको कार्यालयले जनाएको छ ।

डिभिवन वन अधिकृत अहमदले साझेदारी तथा अन्य वन जोगाउन सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

"अहिले त वन जोगाउने काम डिभिजन वन कार्यालयको मात्रै भन्ने भाष्य निर्माण भइरहेको छ," उहाँले भन्नुभयो," वन जङ्गल जोगाउनका लागि सबै हातेमालो गरेर अघि बढ्न जरुरी भइसकेको छ ।" कार्यालयका अनुसार जिल्लामा सार्वजनिक विद्यालय, मठमन्दिर, प्रहरी, सेनाका ब्यारेक, सडक आदी भौतिक पूर्वाधार निर्माणमा समेत वनक्षेत्रको केही भाग अतिक्रमण गरेर पूर्वाधार लगायतका संरचना पनि निर्माण गरिएको छ ।

कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा पनि नियमित रूपमा वन अनुगमन र निरीक्षण गर्न समस्या भइरहेको छ । पर्सामा ११ हजार पाँच सय ७५ हेक्टर वनक्षेत्र छ ।

पर्सामा चारवटा सामुदायिक वन र तीनवटा साझेदारी वन रहेका छन् । यहाँको वनमा साल, खयर, मसला, टिक, सिमल, सिसो, जामुनलगायत प्रजातिका रुख छन् ।रासस

# फरार अभियुक्तलाई पक्राउ गर्न माग




बारा । दुई साताअघि यहाँको कलैया उपमहानरपालिका-१ बैंक रोडस्थित नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा भर्ना गरिएका प्रदीपप्रसाद मण्डललाई निर्घात कुटपिट गरी हत्या गरी फरार अभियुक्तहरुलाई कानुनी दायरामा ल्याउन माग गरिएको छ ।

कलैयास्थित बारा उद्योग वाणिज्य सङ्घको सभाहलमा परिवारजनद्वारा आइतबार गरिएको पत्रकार सम्मेलनमा कुटपिट गरी भाईको हत्या अभियुक्तमध्येका फरार दुई जनालाई चाँडोभन्दा चाँडो पक्राउ गर्न मृतकका दाजु श्यामप्रसाद धानुकले माग गर्नुभयो । "दोषी नउम्कियोस र निर्दोष नफसोस् भन्ने हाम्रो माग छ । माघ १७ गते नवजन्म पुनःस्थापना (सुधार) केन्द्रमा भाइलाई राखेका थियौँ", श्यामप्रसाद धानुकले भन्नुभयो ।

घटनासँग जोडिएका दुई फरार अभियुक्तलाई पक्राउ गर्न नदिन राजनीतिक चलखेल भइरहेको बताउँदै धानुकले भाइको हत्यामा संलग्न आरोपितलाई चाँडोभन्दा चाँडो पक्राउ गर्न माग गर्नुभयो । पुनःस्थापना केन्द्रका सञ्चालक कलैया-३ का साहेबबाबु मन्सुरसहित दुई जना सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

अनुशासन भङ्ग गरेको आरोपमा शारीरिक सजाय स्वीकार नगर्दा केन्द्रका परामर्शदातासहितले सामूहिक कुटपिट गर्दा कलैया उपमहानगरपालिका-९ का ३२ वर्षीय प्रदीप मण्डलको यही फागुन १ गते राति मृत्यु भएको प्रहरीले जनाएको छ ।

"मुक्काले अनुहारमा कुटपिट गरिएको सङ्कलित प्रमाणले प्रष्ट भएको छ", बाराका प्रहरी प्रमुख सन्तोष तामाङले भन्नुभयो, "मध्यरातमा कोठाभित्र कुटपिट गरिएको रहेछ । मुर्गा बनाउन खोजिएको रहेछ, मुर्गा बन्न नमानेपछि कुटपिट गरिएको देखिन्छ।"मण्डललाईदुईसाताअघि परिवारले पुनःस्थापना केन्द्रमा राखेका थिए । पक्राउ परेका सात जनामाथि कर्तव्य ज्यान कसुरअन्तर्गत अदालतबाट सात दिनको म्याद थपको अनुमति लिइ हिरासतमा राखी थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रमुख तामाङले बताउनुभयो ।

कुटपिट गरिरहेको सिसीटिभीको फुटेज प्रहरीले सुरक्षित राखेको छ । भिडियो फुटेजमा शारीरिक यातना दिन खोजिएको र मृतक ओछ्यानको झुलमा लुक्न खोज्दा तानेर कुटपिट गरिएको दृश्य देखिएको छ ।

पक्राउपर्नेमा कलैया उपमहानगरपालिका-१ का २४ वर्षीय अरूण सर्राफ, १९ वर्षीय सागर गुप्ता, वडा नं २ का २१ वर्षीय परमेश्वर साह, कलैया-३ का १९ वर्षीय सरफराज मन्सुरी, वडा नं ४ का २२ वर्षीय निरज सर्राफ र वडा नं ६ का २० वर्षीय महम्मद आँसु मियाँ वडा नं ३ का २९ वर्षीय तमन्ना मन्सुरल छन् । पुनःस्थापना केन्द्रमा सञ्चालककोतर्फबाट रेखदेख गर्ने र परामर्शदाताबाहेक मण्डलसहित १४ जना बस्दै आएका थिए ।

यसैबीच मृतकका परिवारजन र आफन्तले फरार अभियुक्तलाई चाँडोभन्दा चाँडो पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गर्दै कलैयामा प्रदर्शन गरेका थिए । मृतकलाई महिनाको रु १० हजार दिने सर्तमा सो सुधार केन्द्रमा पठाइएको थियो । मृतकको दुई छोरी र एक छोरा छन् ।रासस

# पेट्रोलियम पाइपलाइनबाट आयात सुरु



बागमती । भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइनबाट नियमित आयात सुरु भएको छ ।

अन्तरदेशीय पेट्रोलियम पाइपलाइन विस्तारको काम सकिएपछि पाइपलाइनबाटै पेट्रोल, मट्टीतेललगायत पेट्रोलियम पदार्थको आयात सुरु भएको नेपाल आयल निगमको मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ ।

पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र केही दिनदेखि पाइपलाइनबाटै नियमित रुपमा पेट्रोलियम पदार्थ ल्याउन सुरु गरिएको नेपाल आयल निगम मधेस प्रदेश कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिनुभयो । "पाइपलाइनबाटै पेट्रोल र मट्टीतेल आइसकेको छ," प्रमुख आचार्यले भन्नुभयो, "अहिले पाइपलाइनबाट आयातित पेट्रोल नेपालको प्रमुख सहरका डिपोमा औपचारिक रुपमा वितरण थालिसकेका छौँ ।"

पाइलाइन विस्तार परियोजनाअन्तर्गत भारतीय आयल निगमले अमलेखगञ्जस्थित डिपोमा चार हजार १०० किलोलिटर क्षमताका दुईपेट्रोल ट्याङ्क, २५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ्ग वे-रिफिलर, पम्प हाउस र प्रयोगशाला निर्माण गरिएको प्रमुख आचार्यले बताउनुभयो ।

सोही परियोजनाअन्तर्गत 'फायर फाइटिङ सिस्टम'को स्तरोन्नति, पानी र तेल छुट्याउने 'ओडब्ल्युएस सिस्टम' तथा पिएमसिसी कक्षसमेत निर्माण गरिएको छ । सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माणसम्पन्न गर्ने गरी लिखिता इन्फ्रास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको थियो । विभिन्न कारणले केही दिनअघि मात्र सो पाइपलाइन विस्तारको काम सकिएको प्रमुख आचार्यले बताउनुभयो ।

यस्तै, पेट्रोल र डिजेल दुवै हुन सक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमनले निर्माण गरिदिएको छ । परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ । "एउटै पाइपलाइनबाट पेट्रोल र मट्टीतेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा ट्याङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता थियो," प्रमुख आचार्यले भन्नुभयो, "आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टीतेल गरी तीनवटै पदार्थको नियमित आयात पाइपलाइनबाटै हुन थालेको ।"

मोतिहारी-अमलेखगञ्ज पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाँडासमेत बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख आचार्यको भनाइ छ । यो आयोजना निर्माणसम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार ८४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार ६३० किलोलिटर पुग्नेछ ।रासस

# आइपिओ रोकिएको विषयमा इप्पानले गरायो ध्यानाकर्षण




काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले विभिन्न कम्पनीहरुको आइपिओ निष्कासन प्रक्रिया रोकिएको विषयमा नेपाली कांग्रेस संसदीय दलको ध्यानाकर्षण गराएको छ ।

इप्पानले सोमबार लेखा समितिका सदस्य समेत रहनुभएका नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै आइपिओ तथा हकप्रद शेयरको सार्वजनिक निष्काशन रोकिएको विषयमा ध्यानाकर्षण गराएको हो ।

इप्पानका अध्यक्ष गणेश कार्कीले लेखासमितिले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर नेपाल धितोपत्र बोर्ड (सेबोन) लाई निर्देशन दिँदा ४२ कम्पनीको आइपिओ र ३० भन्दा बढी कम्पनीको हकप्रद शेयर गरी रु ५० अर्बभन्दा बढीको सार्वजनिक निष्काशन रोकिएको विषयमा जानकारी गराउनुभएको हो ।

इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले सेबोनले डेढ वर्षदेखि सार्वजनिक निष्काशन रोक्दा जलविद्युत् आयोजनाको काम मात्रै प्रभावित नभएर जलविद्युत् आयोजनालाई सिमेन्ट डण्डीलगायत सामान बेच्ने उद्योगको व्यवसायमा ह्रास आएको दाबी गर्नुभयो ।इप्पानका उपमहासचिव प्रकाश दुलालले लेखा समितिले निर्देशनमा भनिएको 'रियल नेटवर्थ' भन्ने शब्दावली संसारभरको लेखा प्रणालीमा कतै पनि प्रयोगमा नरहेको बताउनुभयो ।

"अहिले लेखा समितिले आइपिओ जारी गर्नका लागि ९० प्रतिशत रियल नेटवर्थ हुनुपर्ने भनेर निर्देशन दिएको छ । सेबोनमा निवेदन दिएका ४२ कम्पनीमध्ये चार वटा कम्पनीबाहेक सबैको नेटवर्थ ९० भन्दा बढी छ । बाँकी कम्पनीलाई किन शेयर जारी गर्न नदिएको ?", दुलालको प्रश्न थियो ।प्रमुख सचेतकसँगको भेटमा इप्पानले संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण रोक्ने सर्वोच्चको आदेश र विद्युत विधेयकको वारेमा पनि कुरा उठाएको थियो ।

इप्पान अध्यक्ष कार्कीले अध्यादेशमार्फत सुधार भएका कानुनलाई अदालतले खारेज गरेर देशलाई पछाडि धकेलेको बताउनुभयो । गत वर्षको लगानी सम्मेलन अघि विकास निर्माणमा अवरोध गर्ने विभिन्न ऐनहरुलाई अध्यादेशमार्फत संशोधन गरिएको थियो । संसदबाट अनुमोदन भइसकेको अध्यादेशलाई अदालतले खारेज गरेर २०२९ सालमा बनेको राष्ट्रिय निकुञ्ज ऐनमै फर्काइदिएको कार्कीको भनाइ छ ।

**इप्पानका अध्यक्ष गणेश कार्कीले लेखासमितिले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर नेपाल धितोपत्र बोर्ड (सेबोन) लाई निर्देशन दिँदा ४२ कम्पनीको आइपिओ र ३० भन्दा बढी कम्पनीको हकप्रद शेयर गरी रु ५० अर्बभन्दा बढीको सार्वजनिक निष्काशन रोकिएको विषयमा जानकारी गराउनुभएको हो ।**


"अहिले पनि अध्यादेशबाटै ६ वटा कानुनहरु संशोधन गरेर व्यवसायीमैत्री बनाउन खोजीएको छ", कार्कीले भने, "यो पनि अदालतले खारेज गरिदियो भने के होला ?"विद्युत् विधेयक पनि २०४९ को भन्दा पछाडि फर्काउने गरी प्रस्ताव गरिएको भन्दै कार्कीले पहिले नै ५० वर्षका लागि भनेर दिएको जलविद्युत् आयोजनाको अनुमतिपत्रको अवधि अहिलेको विधेयकले ३५ वर्षमा सीमित गर्न खोजेको बताउनुभयो ।

"६५ लाख सर्वसाधारणको लगानी भइसकेको र ५० वर्षसम्म आयोजना सञ्चालन गर्न पाइन्छ भनेर लाइसेन्स दिएर आयोजना बनाइसकेपछि बीचमै आएर ३५ वर्षपछि सर्वसधारणको लगानीसहित सरकारलाई हस्तान्तरण गर्नुपर्छ भनेर कानुन बनाइन्छ भने यो क्षेत्रमा कसले किन लगानी गर्ने ?", कार्कीले अगाडि भन्नुभयो । विद्युत् ऐन २०४९ अनुसार लाइसेन्स जारी भइसकेका आयोजनाको हकमा २०४९ कै ऐनअनुसार हुने भनेर अहिलेको विधेयकमा उल्लेख हुनुपर्ने पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले माग गर्नुभयो ।

उहाँले विद्युत् विधेयक संसद्को पूर्वाधार विकास समितिमा छलफलकै क्रममा रहेकोले त्यहीँबाट यस्ता असमान व्यवस्थाहरु हटाएर अघि बढाउनुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले इप्पानले उठाएका सबै विषयमा संसदमा आवाज उठाउने बताउनुभयो । "राज्य करले र व्यवसायी नाफाले चल्छन् । नाफा भएन भने कर आउँदैन । २/४ पैसा कमाउने व्यवसायीलाई चोर फटाहा देख्ने सोचका कारण नेपाल धेरै पछि परेको हो", घिमिरेले भन्नुभयो ।

उहाँले निजी क्षेत्रलाई कामै गर्न दिनुहुँदैन भन्ने सोच निकै प्रतिगामी भएको भन्दै सबै ठाउँमा निजी क्षेत्रलाई नै अघि बढाउनुपर्ने पनि बताउनुभयो । "निजी क्षेत्रले नाफा देखेन भने लगानी गर्दैन, त्यस्तो ठाउँमा सरकारअघि सर्नुपर्छ ।रासस

# अध्यादेश संसद्बाट पारित हुन्छ : प्रधानमन्त्री ओली



दाङ । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले ल्याएका अध्यादेश संसद्बाट पारित हुने बताउनुभएको छ ।यहाँको घोराहीमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कमिटीद्वारा सोमबार आयोजित जनसभालाई सम्बोधन गर्दै एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नमा आफ्नो नेतृत्वको सरकार केन्द्रित रहेको स्पष्ट पार्नुभयो ।

नेपाल सुरुङमार्ग र पानी जहाजको युगमा प्रवेश गरिसकेको बताउँदै उहाँले दाङको देउखुरीमा पनि सुरुङमार्ग बनाउने योजना रहेको जानकारी दिनुभयो । "अहिले पुष्पलाल मार्ग, मदन भण्डारी मार्गजस्त आयोजना निर्माण भइरहेका छन्", उहाँले भन्नुभयो, "हामी अलमल नगरी मिसन २०८४ तर्फ लाग्नुपर्छ, तपाईँहरूको साथ चाहिन्छ, देश बदल्ने कामको अगुवाइ गर्ने जिम्मा मेरो हो, कसैले पनि यो अभियानलाई रोक्न सक्दैन ।"प्रधानमन्त्री ओलीले एमालेको नेतृत्वले मात्र देश विकास गर्न सक्ने बताउनुभयो । उहाँले दाङ कृषिमा उर्वर भूमि भएको र हिजो विकासमा पछाडि परेको भए पनि अब अगाडि बढ्ने बताउनुभयो ।

सोही कार्यक्रममा नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले साना दलले गलत भाष्य निर्माण गरी प्रचार गरेकाले देश अस्थिरतामा गएको बताउनुभयो । मुलुकको निराशालाई चिर्न एमाले सरकारमा आएर समृद्धिको पाइला अगाडि बढेको बताउनुभयो ।


लुम्बिनी प्रदेश इन्चार्ज एवं केन्द्रीय सचिव पद्मा अर्यालले विकासका लागि जनताको साथ चाहिने बताउनुभयो । यसअघि प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेशसभाको बैठकमा विशेष सम्बोधन गर्नुभएको थियो । प्रधानमन्त्री ओली सोमबारै काठमाडौँ फर्कने कार्यक्रम रहेको छ ।रासस

# भारतस्थित नेपाली दूतावास र उडिसा राज्यस्थित कलिंगा इन्स्टिच्युटबीच छलफल

काठमाण्डु।भारतकोनयाँदिल्लीस्थित नेपाली राजदूतावासले उडिसा राज्यस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजीमा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा सुनिश्चित गर्दै शैक्षिक संस्थाको छात्रावासमा नै बस्ने प्रबन्ध मिलाउन अनुरोध गरेको छ ।

दूतावासले सो इन्स्टिच्युटमा विकसित घटनाक्रमका सम्बन्धमा उक्त शैक्षिक संस्थामा अध्ययनरत नेपाली विद्यार्थीलाई छात्रावासबाट निकालिएको सूचनाप्राप्त हुनासाथ संस्थाका रजिष्ट्रारलगायत प्रतिनिधिसँग छलफल गर्दै सुरक्षा सुनिश्चित गर्दै शैक्षिक संस्थाको छात्रावासमा नै बस्ने प्रबन्ध मिलाउन अनुरोध गरेको दूतावासले जनाएको छ । उक्त संस्थामा रहेका नेपाली विद्यार्थीहरूको कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउनसमेत दूतावासले अनुरोध गरेको छ । "यस राजदूतावासबाट अनुरोध भएबमोजिम उक्त शैक्षिक संस्थाले सोहीअनुसार विद्यार्थीलाई छात्रावासमा बस्ने व्यवस्था मिलाइ कक्षा सञ्चालनको व्यवस्था गर्ने जानकारी गराएको छ", दूतावासद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

साथै, उक्त शैक्षिक संस्थाकी विद्यार्थी स्व प्रकृति लम्सालको मृत्यु सम्बन्धमा स्वतन्त्र एवं निष्पक्ष तवरले अनुसन्धानको विषयलाई संस्थाले गम्भीरतापूर्वक लिने प्रतिबद्धता व्यक्त गरेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# हतियार प्रदर्शन गर्नेलाई कारबाही गर

रौतहट जिल्ला सुरक्षाको दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । मधेश प्रदेशमा अनेक प्रकारको आपराधिक गतिविधि हुनेमा रोतहट जिल्ला नम्बर १ मा छ । विगतमा पनि त्यहाँ ठूला ठूला घटनाहरु भएका छन् । कयौं आधी सय जति मानिसको हत्या भएको छ । विभिन्न कारण र विभिन्न पटकमा भएको हत्यामा जिल्लाका कयौं महत्वपूर्ण र प्रभावशाली व्यक्तिहरुको ज्यान गएको छ । रौतहट जिल्ला भारतीय सीमासित जोडिएको छ । नेपाली भूभागमा अपराध गरी भारतमा संरक्षण लिने र भारतमा अपराध गरी नेपाली भूमिमा संरक्षण लिने गरिन्छ । माओवादी द्वन्द्वको बेला भएको हिंसात्मक घटना, अफताब आलम संलग्न रहेको अदालतले ठहर गरेको इट्टाभट्टामा मानिस जलाउने घटनाले रौतहट जिल्लालाई नै बदनाम गराएको छ । हत्याका अन्य कयौं घटनाहरु हृदयविदारक भएको बताइनछ । त्यहाँ हतियार र बाहुबलको प्रदर्शनलाई शान मानिन्छ । बन्दुक देखाएर शक्ति प्रदर्शन गर्ने जनमत पार्टीका सांसदसमेत रहेका पूर्वमन्त्री अब्दुल खान र सो पार्टीका रौतहट इञ्चार्ज जमसेदले वर्चश्व बढाउने प्रयास गरेको देखिन्छ । दुईवटा बन्दुक दुईजनालाई बोकाएर खान र जमसेदले आफूहरु डन रहेको सर्वसधारणमा सन्देश दिन खोजेका छन् । जिल्लाको सदरमुकाम गौरमा गरिएको सो प्रदर्शनले स्थानीय बासिन्दाहरुमा त्रास फैलाउने काम भएको छ । दुई दुईवटा बन्दुक लिएर खुल्लेआम घुम्दा पनि प्रहरी प्रशासनले केही गर्न नसकेको धाक सर्वसधारणमा जमाउने प्रयास गरिएको देखिन्छ । प्रहरीले इजाजत प्राप्त बन्दुक लिएर जनमत पार्टीका नेताहरु नै रहेकाले कारबाही नगरिएको जनाएको छ । इजाजत प्राप्त हतियार आफ्नो सुरक्षाको प्रयोजन बाहेक प्रदर्शन गर्न मिल्दैन । कानुनले व्यक्तिको सुरक्षाका लागि उपलब्ध गराएको हतियार संकटमा परेको बाहेकको अवस्थामा प्रयोग अथवा प्रदर्शन गर्ने अधिकार दिएको छैन । खान र जमसेदले कानुन र समाजिक मान्यताको समेत उल्लंघन गरेको देखिन्छ । उनीहरुले बन्दुक प्रदर्शन गरिएको फोटो समाजिक सञ्जालमार्फत सार्वजनिक गरी आमनागरिकमा त्रास फैलाउने काम गरेका छन् । खान र जमसेदले प्रदर्शन गरेको बन्दुकको आवश्यकताबारे अनुसन्धान गर्न आवश्यक छ । जमसेदले राखेको भनिएको दुई थान बन्दुक उनका लागि आवश्यक छ की छैन् ? भने अनुसन्धान प्रहरीले गर्नु पर्छ । जमसेदको सुरक्षामा त्यति धैरै जोखिम रहेको साँच्चै हो की होइन ? भने अनुसन्धान गरी आवश्यक नदेखिए लाइसेन्स रद्दको प्रकृया अगाडि बढाउनु पर्छ । जमसेदले लाइसेन्स नै लिए पनि त्यो बन्दूक आमनागरिकका लागि खतरा हुन सक्ने संकेत देखिएकोले प्रहरी प्रशासनबाट गम्भीर रुपमा अनुसन्धान गरी कारबाही गर्नुपर्छ । इजाजत प्राप्त नै भए पनि हतियारको दुरुपयोग हुने देखिएकोले तत्काल कारबाहीको प्रकृया प्रशासनले थाल्नु पर्छ ।

# प्रजातन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र



शीतलप्रसाद महतो

मुलुकको आर्थिक रूपान्तरण अहिलेको आम चासोको मुख्य विषय हो । पछिल्लो समय यो राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ । मुलुकमा प्रजातन्त्र स्थापना भएको चार दशकभन्दा बढी भइसक्दा पनि आमनागरिकको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकामा आम असन्तुष्टि तीव्र देखिन्छ ।

आर्थिक रुपान्तरण हुन नसक्दा मुलुकमा गरिबी, बरोजगारी र असमानता झन् बढ्दो छ । यसो हुनुका प्रमुख कारण राजनीतिक अस्थिरता र छिटोछिटो सरकार परिवर्तनलाई देखाइने गरिन्छ । त्यसो त सरकार परिवर्तनको कार्यलाई लोकतान्त्रिक अभ्यासको रुपमा व्याख्या गरिएको छ । नेपालको संविधानले समाजवादोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रुपमा आफूलाई स्थापित गरेको छ ।

हुन त समाजवाद, सामाजिक न्याय र समानताका लागि आवश्यक छ । अर्को अर्थमा भने हो भने समाजको हित नै समाजवाद हो । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन पद्धतिको माध्यमद्वारा दिगो विकास, सुशासन र समृद्धि गर्नु नै समाजवादी अर्थव्यवस्थाको मूल लक्ष्य रहेको छ । यो लक्ष्यमा पुग्नका लागि मुलुकको सङ्घीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरेको छ । मुलुकमा उच्चस्तरको आर्थिक रुपान्तरण हासिल गर्ने हो भने तीनै तहका सरकारले गरिब, विपन्न र आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याई उनीहरुलाई राज्यको उत्पादनशील स्रोत साधनमाथिको पहुँच, उपभोग र नियन्त्रणमा समानता र न्याय स्थापना गर्नै पर्दछ ।

वास्तवमा राणाशासनको अन्त्य गर्दै २००७ फागुन ७ गते स्थापना भएको प्रजातन्त्रले नै मुलुकमा आर्थिक विकासको जग राखेको थियो । २०४६, २०६३ र २०६५ सालको परिवर्तनको जग र २०७२ सालको संविधानको आधार पनि २००७ सालको प्रजातन्त्र नै हो । त्यसैले प्रजातन्त्रलाई बलियो बनाउनु गणतन्त्र र सङ्घीयताका उपलब्धिलाई संस्थागत गर्ने आधार पनि हो । प्रजातन्त्रका उपलब्धिको लाभ आम जनसमुदायसम्म पुऱ्याउन राज्यका सबै संरचनामा जनताको सहभागिता आवश्यक हुन्छ । राज्यका सबै संरचनामा जनताको सहभागिता प्रजातन्त्रमा मात्र सम्भव हुन्छ ।

प्रजातन्त्रको विकल्प भनेको अझ उन्नत लोकतान्त्रिक अभ्यास मात्र हुन्छ । कुनै पनि मुलुकलाई अगाडि बढाउने दिशामा त्यहाँको संविधान नै मूलदृष्टि र मार्गचित्र हुने गरेको छ र हुनु पनि पर्दछ । मुलुकमा सङ्घीयताको कार्यान्वयनसँगै आम नागरिकले आधार भूत वस्तु तथा सेवाको सुनिश्चित, गरिबीबाट मुक्ति, रोजगारीको उपलब्धता, सामाजिक न्याय र समता, सामाजिक कल्याण र सुरक्षा, स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूति, मानवअधिकारको सम्मान, स्वच्छ र सफा प्राकृतिक वातावरण, सक्षम सुदृढ, सबल र प्रभावकारी प्रशासकीय संयन्त्र र सेवाप्रवाहमा गुणस्तरीयता सहितको सबैले अनुभूति गर्न सक्ने विकासको अपेक्षा गरेका छन् । नेपालको संविधानको मूल सार नै समाजवादोन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रीत भएको स्पष्ट छ । त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्यभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकास सहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ । समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी नीति कस्तो हुनुपर्छ भन्ने कुरामा अब बहस चलाउनु आवश्यक छ । त्यसैले अबको हाम्रो लक्ष्य भनेको नै सङ्घीयता कार्यान्वयनमार्फत समृद्ध र सम्मुन्नत नेपालको निर्माण गर्नु नै हो । यसैतर्फ नेपालका नीति तथा कार्यक्रम उन्मुख हुनुपर्छ ।

### स्रोतसाधन र सम्पत्तिको न्यायोचित बाँडफाँट

सङ्घीयता त्यतिबेला प्रभावकारी हुन्छ, जब राज्यका तीनै तहसँग स्रोतसाधनको उपयुक्त पहुँच र अधिकार सुनिश्चित हुन्छ । स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारबीच एवं प्रदेश-प्रदेश र प्रदेश-स्थानीय तहबीच सम्पत्ति तथा आम्दानीको यथोचित बाँडफाँट नै सङ्घीयतामा आधारित शासन प्रणालीको सफलताको प्रमुख शर्त हो । त्यसैले सङ्घीय संरचनामा मुलुकको साधन र स्रोतको न्यायोचित बाँडफाँटलगायतका काम गर्न संवैधानिक अङ्गका रुपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिकल्पना संविधानले गरेको छ । मुलुकमा उपलब्ध साधनस्रोत र आम्दानी कसरी विभिन्न तहबीच बाँडफाँट गर्ने भन्ने प्रस्ट विधि निर्धारण गर्न तत्काल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता छ । वास्तवमा समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषता भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधनस्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चित, खुला र प्रतिस्पर्धी बजारको विकास एवं पुँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पुँजीको पुनःवितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी राष्ट्र निर्माण आदि हुन् । नेपालको प्राकृतिक स्रोतसाधन (जल, जङ्गल, जमिन) को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरुलाई आधार मानेर गर्नुपर्छ ।

> संघीयतासहित समावेशी स्वरुपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ । त्यति भए मुलक अवश्य आर्थिकरुपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ ।

(क) **उत्पादकत्व वृद्धि** : नेपालको प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ । मुलुकमा राष्ट्रिय उत्पादकत्व वृद्धि हुन नसक्दा नै नेपालको अर्थतन्त्र परनिर्भततार्फ उन्मुख भएको छ । कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनु परेको तीतो यथार्थ हामीसँग छ । कूल गार्हस्थ्य उत्पादनमा विप्रेषणको महत्वपूर्ण योगदान देखिए पनि यसको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा अर्थात उपभोगमा मात्र खर्च हुने गरेको छ । त्यस्तो उपभोग आयातित वस्तुबाट पूरा हुने हुँदा आयात वृद्धि भई व्यापारघाटा चुलिदैं गएको हो । 'हरियो बन नेपालको धन' भन्दा हामीलाई गर्ब लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासमा सिमित भइसकेको छ ।

हरियो बन सक्यो, चुरे विनासमा पनि तीब्रता हुँदैछ । नदीनाला र खोलाको ढुङ्गा बालुवामा माफियाहरुको विगबिगी कहिल्यै अन्त्य भएन । मुलुकमा वर्षेनी अर्बै रुपैयाँ मूल्य बराबरको काठ र जडिबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन् । तीन दशकअघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महिना सरदर दुई अर्ब रुपैयाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ । विगत १० वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्याङ्क छ । कम्तिमा दुई तिहाई जनता कृषिमा आधारित भएर जम्मा एक तिहाई मात्र कूल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि तर उपलब्धि जस्ताको त्यस्तै रह्यो । यस्तो अवस्थामा अब सङ्घीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त प्रकारको नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । साथै, प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनसँगै उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ । त्यस्तै पुँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना र उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ ।

(ख) **उत्पादक वर्ग (स्थानीय समुदाय र श्रमिक) को हकहितको रक्षा** : प्राकृतिक स्रोत साधन र उद्योग कलकारखानाहरु उत्पादनका साधन हुन् । यी उत्पादनका साधन स्रोतमाथि उत्पादक वर्ग अर्थात स्थानीय समुदाय र श्रमिक वर्गको अधिकार र सम्मानजनक सहभागिता भएन भने उत्पादकत्व वृद्धि हुन सक्दैन । यसका लागि उपयुक्त प्रकारका प्रविधि, पुँजी, सीप र लगानीको पनि उत्तिकै आवश्यकता पर्छ । त्यसैले समाजवादोन्मुख राष्ट्र निर्माणका लागि प्राकृतिक स्रोतसाधनमाथि स्थानीय समुदाय, आदिवासी, जनजाति, दलित, महिला र गरिब तथा विपन्न वर्ग एंव समुदायको सार्वभौम अधिकारको सुनिश्चित नीतिगत र कानुनी रुपमा गर्नुपर्छ । किनभने प्राकृतिक स्रोतमा निर्भर समुदाय, उद्योग, कलकारखानामा काम गर्ने श्रमिक वर्ग नै प्रमुख रुपमा उत्पादक वर्ग हुन् । कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याहरुको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ । किनभने आर्थिक सम्बन्ध वा अन्तरसम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिङ्गीय विभेद्हरु सिर्जना हुन्छ । यिनै विभेद्हरु गहरिएर बढ्दै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन् । त्यसैले आर्थिक सम्बन्ध वा अन्तरसम्बन्ध तथा यसत्रबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरङ्गहरुको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताहरुको सुक्ष्म रुपमा उपचार खोज्न सक्नु नै हो ।

(ग) **स्वतन्त्र बजार र पुँजीको विकास** : प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन र उद्योग कलकारखाना एवं सेवा क्षेत्रबाट भएको उत्पादनलाई बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न दिई पुँजीबजारको विकास गर्न दिन सक्नुपर्छ । स्थानीयदेखि राष्ट्रिय उत्पादनको सुरक्षाका लागि राज्यले आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । किनभने स्वतन्त्र बजार र पुँजीको विकास नै समाजवादी अर्थव्यवस्थाको मूल मर्म हो ।

(घ) **समन्यायिक कर प्रणाली** : कर तिर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व पनि हो । त्यस्तै नागरिकबाट सङ्कलित करको सही र उपयुक्त उपयोग गर्नु राज्यको दायित्व हो । तर नेपाली समाजमा कर तिर्नुपर्छ भन्ने मान्यता स्थापित भइनसकेको अवस्थामा आम नागरिकलाई सहजरुपमा कर तिर्ने वातावरणको सिर्जना गर्नु राज्यको कर्तव्य हो । नागरिकले कर तिरेअनुसारको सेवासुविधा प्रदान गर्न नसक्नु र सोही करको दुरुपयोग गर्दै पहुँचवालाहरुले व्यक्तिगत प्रयोजनमा खर्च गर्ने प्रवृति नै यसको प्रमुख कारण हो । राज्यलाई प्रभाव पार्न सक्ने सीमित व्यक्तिले यसरी करको दुरुपयोग गर्दा सम्रग कर नीति र प्रणालीप्रति नै आम जनताको नकारात्मक सोच उत्पन्न हुनु दुर्भाग्यपूर्ण हो । स्वतन्त्र बजार र पुँजीको विकास संगै त्यसकाट हुने आम्दानीमा समन्यायिक कर प्रणालीको विकास गर्नुपर्छ । यसो भन्नुको अर्थ धेरै आम्दानी गर्नेले धेरै कर तिर्ने र कम आम्दानी गर्नेले कम कर तिर्ने र कमाई गर्न नसक्ने गरिब, विपन्न वर्गले कर छुट प्राप्त गर्ने कर प्रणाली नै समन्यायिक कर प्रणाली हो ।

(ङ) **पुँजी र राजस्वको न्यायोचित वितरण** : समाजवादोन्मुख समृद्ध राष्ट्र निर्माणका लागि आर्जन गरेको पुँजी र जम्मा भएको राजस्वलाई स्थिर भएर राख्नुभन्दा यसको न्यायोचित परिचालन गर्नुपर्छ । यस्तो पुँजी र राजस्वको बाँडफाँट गर्दा गरिब, विपन्न जनताको जीविकोपार्जनको समस्या समाधान गर्न ज्येष्ठ नागरिक, विधुवा, शारीरिक असक्त, बालबालिका आदिका लागि बिशेष भत्ता व्यवस्था गर्नुपर्छ । यसैगरी पिछडिएको वा पछाडि पारिएको दुर्गम र अन्य क्षेत्रमा विशेष बजेट र कार्यक्रम सञ्चालन गर्नुपर्छ । साथै, मानवीय पुँजी बढाउन, भोकमरी कम गर्न र खाद्य सुरक्षा कायम गर्नमा यसले महत्वपूर्ण योगदान गर्छ । त्यस्तै रोजगारी प्रवर्द्धन गरी समग्रमा समावेशी आर्थिक विकास एवं वृद्धि हासिल गर्नमा यसको भूमिका महत्वपूर्ण रहेको छ । आय र अवसरहरुमा सबैको समानुपातिक पहुँच बढाउने आर्थिक नीतिलाई बल पुऱ्याउने हुँदा सामाजिक सुरक्षा कार्यक्रमलाई विश्वका धेरैजसो मुलुकले आत्मसात् गर्दै आएका छन् । सामाजिक सुरक्षा भनेको कुनै व्यक्ति वा लक्षित समूहलाई नगद हस्तान्तरण गर्नु भन्ने मात्र होइन, उनीहरुका लागि आयमूलक, अन्य मानवीय विकासको अवसर सिर्जना र कर सहुलियत, बजार सम्बन्ध, शैक्षिक र स्वास्थ्यजन्य पहुँच सुनिश्चित गर्नु पनि हो । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत कुनै देशले वृद्धवृद्धा वा ज्येष्ठ नागरिक वा गरिबलाई सोझै नगद अनुदान दिइने व्यवस्था गरेका हुन्छन् भने धेरैजसो देशले त आयआर्जन र अन्य समान पहुँचको अवधारणालाई अभ्यास गर्दै आएका छन् ।

(च) **स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माण** : अभावबाट मुक्ति, दिगो र समानुपातिक विकास, स्वतन्त्रता र पहिचानसहितको आत्मसम्मानयुक्त जीवन आमनेपालीको अभिलाषा हो । सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने तथा आर्थिक असमानता घटाउँदै क्षेत्रीय र प्रादेशिक सन्तुलन कायम गर्ने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता देखाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासमा जोड दिई समावेशी विकाससहितका लक्षित कार्यक्रम सञ्चालन गर्ने जस्ता विषयहरु चुनौतीपूर्ण बन्दै गएका छन् । त्यसैले अबको मुख्य दायित्व भनेको नै गरिबी निवारण, भूकम्पपछिको पुनःनिर्माण र मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् सम्बृद्धि हुनुपर्छ । यसका लागि सरकार र राजनीतिक दल अत्यन्त गम्भीर भएर संघीयताको उपयुक्त अवधारणालाई प्रभावकारी र व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ । सङ्घीयतासहित समावेशी स्वरुपमा आधारित आर्थिक, सामाजिक, राजनीतिक र संस्थागत नीतिको अवलम्बनबाट मात्र आर्थिक समृद्धि र सामाजिक न्यायसहितको आर्थिक विकास हुन सक्दछ । त्यति भए मुलक अवश्य आर्थिकरुपले समृद्ध र समाजवादोन्मुख अर्थतन्त्रको विकास सुनिश्चित हुन्छ ।

# अन्तरराष्ट्रिय महिला फुटबल-नेपाली टोलीप्रति अपेक्षा



राजु सिलवाल

काठमाडौंमा तापक्रम बिस्तारै बढदै चिसो घटेर गएसँगै खेलको माहौल पनि तातिने भएको छ । आज फागुन ५ गतेदेखि दशरथ रङ्गशालामा अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप फुटबल प्रतियोगिता सुरु हुँदैछ । गत तिहारअघि चिसोयाम भर्खरै सुरु भएको अवस्थामा नेपाली दर्शकहरु राति रङ्गशालामा उपस्थित भएर नेपाली महिला टोलीको पक्षमा जुटेका थिए । उक्त सातौं साफ महिला च्याम्पियनशिप प्रतियोगितामा नेपालले राम्रो खेल प्रदर्शन गरेको अवस्थामा पनि फाइनलमा पराजित भएपछि निराश भएका दर्शकहरुको खुसी फर्काउने अवसर फेरि नेपाली टोलीमाथि आएको छ । यसका लागि गत नेपाली राष्ट्रिय महिला फुटबल टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङदेखि विभिन्न मुलुकमा व्यावसायिक खेल खेलिरहेका खेलाडीहरु समेत टोलीमा फर्केका छन् ।

यसपालि अन्तरराष्ट्रिय महिला च्याम्पियनशिपमा नेपाल, म्यान्मा, लेबनान र किर्गिस्तानका चार टोलीको सहभागिता रहेको छ । फोर नेसन्स फुटबल प्रतियोगिता आगामी एएफसी एसियन कप तथा फिफा विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा नेपालको सहभागिताको तयारीका सिलसिलामा आयोजना गरिएको हो । सो फुटबल प्रतियोगिताका सबै खेल अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा) को अन्तरराष्ट्रिय 'विन्डोज'मा हुने भएकाले अन्तरराष्ट्रिय मान्यता पाउने निश्चित छ । निर्धारित खेल तालिकाअनुसार सहभागी सबै टोलीले आपसमा खेल्नेछन् । लिग चरणमा दिनको दुईवटा खेल हुने भएको छ । यसअनुसार नेपालले सबै खेल साँझ ६ बजे 'फ्लड लाइट'मा खेल्नेछ । नेपालले लिग चरणअन्तर्गत प्रतियोगिताको पहिलो दिन फागुन ५ गते किर्गिस्तानसँग खेल्दैछ । दोस्रो खेल फागुन ८ गते लेबनानसँग तथा फागुन ११ गते म्यान्मासँग खेल्ने कार्यक्रम रहेको छ ।

नेपाली महिला राष्ट्रिय फुटबल टोलीले विगत केही वर्षयता सन्तोषजनक प्रदर्शन गर्दै आइरहेको छ । नेपाली महिला टोली फिफा वरियताक्रममा १०३औं स्थानमा रहेको छ । सन् २०१७ मा नेपाल फिफा वरियताक्रममा सुधार हुँदै ९१औं स्थानमा पुगिसकेको थियो । अखिल नेपाल फुटबल सङ्घले पुरुष टोलीको तुलनामा महिला टोलीलाई कम प्राथमिकता दिएको देखिएको भए तापनि विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्दै महिला टोलीलाई प्राथमिकता तथा सुविधा बढाउन बाध्य बनाउँदै आएको मान्न सकिन्छ । गत सातौं साफ महिला च्याम्पियनशिपको लिगको बेला नेपाली खेलाडीहरुले प्रशंसनीय खेल प्रस्तुत गरेका थिए । खेलाडीहरुले उत्कृष्ट गोलहरु गरेका थिए । अझ उल्लेखनीय पक्ष त धैरैपटक उपाधि जितिसकेको भारतलाई सेमिफाइनलमा पराजित गरेर नेपाली खेलाडीहरुले आफ्नो आत्मविश्वास बढाएका थिए । यसअघि भारतीय टोलीसँग पटकपटक पराजित हुँदै आएको नेपालले भारतलाई हराउन सफल हुनु महत्वपूर्ण उपलब्धि थियो । तर फाइनलमा नेपाली टोली बङ्गलादेशसँग एक गोलका विरुद्ध दुई गोलले पराजित भएर विगतमा जस्तैः उपविजेतामै सीमित रहनु परे तापनि नेपाली खेलाडीहरुले दर्शकहरुको मन भने जितेका थिए । नेपाली खेलाडीहरुले अथक प्रयत्न गर्दा पनि तथा घरेलु दर्शकहरुको अपार समर्थन पाउँदा पनि भोग्नु परेको पराजय खेलाडी तथा समर्थकहरुले अझै भुलेका छैनन् ।

### दोहरिएका प्रशिक्षक

सातौं साफ महिला च्याम्पियनशिपका बेला नेपाली टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङ थिए । प्रतियोगितामा नेपाल पराजित भएपछि उनले प्रशिक्षकबाट राजीनामा दिएका थिए । यसपालि पनि उनलाई नै टोली प्रशिक्षणको जिम्मेवारी दिइएको छ । तर उनलाई टोलीको जिम्मेवारी दिइएको समय भने केही दिनअघि मात्र हो । उनले ३० जना खेलाडी छनोट गरेर बन्द प्रशिक्षण सुरु गरेका थिए, जसबाट उनले २३ जनालाई अन्तिम छनोट गरेका छन् । केही दिनको प्रशिक्षणले खासै फरक त पर्दैन । तर मुख्य प्रशिक्षक तामाङ खेलाडीहरुको व्यक्तिगत कौशलबारे जानकार रहेकाले उनको रणनीतिले टोलीको आगामी प्रदर्शनमा पक्कै प्रभाव पर्नेछ । मुख्य प्रशिक्षक तामाङले नेपालले जित्ने लक्ष्यका साथ तयारी गरिरहेको जानकारी दिएका छन् ।

### साम्बाप्रति अपेक्षा

नेपाली महिला राष्ट्रिय टोलीमा अत्यन्त भरपर्दो खेलाडीका रुपमा परिचित सावित्रा भण्डारी 'साम्बा'ले आफ्नो परिचय दक्षिण एसियाकै उत्कृष्ट खेलाडीका रुपमा बनाएकी छिन् । नेपाली राष्ट्रिय टोलीकी अग्रपङ्क्तिकी खेलाडी साम्बाले विभिन्न ५२ म्याचमा ५३ गोल गरिसकेकी छिन् । उनलाई दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट 'स्ट्राइकर' मानिन्छ । भारत, इजरायललगायतका मुलुकमा व्यावसायिक खेलाडीका रुपमा आफ्नो पहिचान बनाउन सफल उनी हाल फ्रान्समा इए एभान्ट गुईगाम्प क्लबका तर्फबाट दोस्रो 'सिजन'मा युरोपेली लिग खेलिरहेकी छिन् । उनी युरोपेली लिगमा खेल्न जाने पहिलो नेपाली खेलाडी हुन् । साम्बा फ्रान्सेली टोलीबाट सोझै राष्ट्रिय टोलीमा सहभागिता जनाउँदैछिन् ।

### रेखा पनि टोलीमा

सातौं साफ च्याम्पियनशिपका बेला भूटानी रेफ्री ओम चोकीले दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट निकालेकी नेपालकी रेखा पौडेल संयुक्त अरब इमिरेटसबाट स्वदेश आएर महिला च्याम्पियनशिप खेल्दैछिन् । उनी अबुधाबी कन्ट्री क्लबका तर्फबाट युएई महिला लिगमा सहभागिता जनाएकी छिन् । उनलाई नेपालकी पहिलो रोजाइकी स्ट्राइकरका रुपमा लिइन्छ । साफ च्याम्पियनशिपका बेला उनले कुल सात गोल गरेकी थिइन् ।

### नायिका बनेकी कप्तान

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलकिपर अन्जिला तुम्बापोको वास्तविक जीवनमा आधारित कथानक चलचित्र 'अन्जिला' को सार्वजनिक प्रदर्शन अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप समाप्त भएलगत्तै फागुन २९ गतेदेखि हुँदैछ । फुटबल खेल्नका लागि उनले सानैदेखि सङ्घर्ष गर्दै सफलता प्राप्त गरेको कथा चलचित्रमा देखाएको छ । चलचित्र निर्देशक मिलन चाम्सको निर्देशन रहेको उक्त चलचित्रमा प्रख्यात अभिनेता दयाहाङ राई, विजय बराल, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन् । उक्त चलचित्रको हङकङमा प्रिमियर सो हुँदा पनि अन्जिला सहभागी भएकी थिइन् । नेपालमा अन्तरराष्ट्रिय महिला च्याम्पियनशिप खेल्नका लागि एन्जिला ग्रिसबाट आइसकेकी छिन् । उनी युरोपियन लिग फुटबल खेल्न ग्रिसको 'ए डिभिजन'को क्लब निस अट्रोमिटउ क्लबसँग आबद्ध रहेकी छिन् ।

### नेपालमा सुरूआत

नेपालले सन् १९८६ मा पहिलोपटक एएफसी वुमन्स च्याम्पियनशिपमा नेपाली महिला राष्ट्रिय टोलीलाई सहभागिताका लागि पठाएको थियो । त्यतिखेर पहिलो दिनको खेलमा नेपाल हङकङसँग शून्यका विरुद्ध एक गोलले पराजित भएको थियो । त्यसपछि नेपाल सन् १९८९ तथा १९९९ मा एएफसी वुमन्स च्याम्पियनशिपमा सहभागी भएको भए तापनि समूह चरणभन्दा माथि पुग्न सकेन । नेपाली महिला फुटबल टोलीसँग नेपाली फुटबलप्रेमीहरुको अपेक्षा प्रतियोगिता विजेता बनेको देख्न पाउनु हो । नेपाल साफ महिला च्याम्पियनशिपमा छपटक तथा दक्षिण एसियाली खेलकुदको महिला फुटबलमा तीनपटक उपविजेता बनिसकेको छ । साउदी अरेबियामा भएको वाफ महिला च्याम्पियनशिप फुटबलमा पनि नेपाल उपविजेता बनेको थियो ।

### सहभागी टोलीहरूको स्थिति

लेबनान : लेबनानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००५ देखि सक्रिय रुपमा विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आइरहेको छ । सो टोलीले हालसम्म खेलेका ५९ वटा अफिसियल म्याचमध्ये २४ वटामा विजय हासिल गरेको, तीनवटा बराबरीमा टुङ्गिएको तथा ३२ वटा म्याचमा पराजय भोगेको थियो । सन् २०२२ मा सम्पन्न वाफ (वुमन्स च्याम्पियनशिप) मा लेबनान दोस्रो भएको थियो । सन् २०२३ मा भएको महिलाहरुको अन्तरराष्ट्रिय मैत्रीपूर्ण प्रतियोगितामा लेबनानले अतिरिक्त समयमा भूटानलाई शून्यका विरुद्ध एक गोलले हराएर उपाधि जोगाएको थियो । सन् २०२४ का वाफ फुटबल प्रतियोगिताको सेमिफाइनलमा नेपालले लेबनानलाई एक गोलविरुद्ध दुई गोलले हराएको थियो । लेबनान हाल फिफा वरियताक्रममा १३४औं स्थानमा रहेको छ ।

म्यान्माः फिफा महिला विश्व वरियताक्रममा म्यान्माको स्थान ५५औं रहेको छ । म्यान्माको महिला राष्ट्रिय फुटबल टोलीले सन् १९९५ देखि विभिन्न क्षेत्रीय प्रतियोगिताहरुमा भाग लिँदै आइरहेको छ । म्यान्माले एएफएफ महिला च्याम्पियनशिपमा सन् २००४ र २००७ मा उपाधि जितेको थियो । उक्त प्रतियोगितामा म्यान्माको टोली सन् २०११, २०१२ तथा २०१५ मा दोस्रो तथा सन् २०१६, २०१९ र २०२२ मा तेस्रो हुन सफल भएको थियो । दक्षिण पूर्वी एसियाली खेलकुदमा म्यान्माको महिला फुटबल टोलीले चारपटक दोस्रो तथा सातपटक तेस्रो स्थान प्राप्त गरेको थियो ।

### किर्गिस्तान

किर्गिस्तानको महिला राष्ट्रिय फुटबल टोलीले सन् २००९ मा पहिलोपटक एएफसी महिला एसियाकपमा सहभागिता जनाएको थियो । सन् २०२२ मा सम्पन्न सिएएफए महिला च्याम्पियनशिपमा किर्गिस्तान टोली तेस्रो भएको थियो । किर्गिस्तानले विभिन्न उमेर समूहका महिला फुटबल टोली बनाएर प्रतियोगितामा सहभागिता गराएको छ । फिफा विश्व वरियताक्रममा १२८औं स्थानमा रहेको छ ।

नेपालमा महिला फुटबलको विकासका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल जस्ता विभागीय टोलीहरुको उल्लेखनीय भूमिका रहँदै आएको छ । यसपालिको प्रतियोगितामा पनि नेपाली टोलीमा अधिकांश खेलाडीहरु विभागीय टोलीहरुबाटै छनोट भएका छन् । व्यावसायिक खेलाडीका रुपमा युरोप र अन्य मुलुकमा अनुभव हासिल गरेर आएका नेपाली खेलाडीहरुकै खेलमा नेपाली टोलीको भविष्य निर्भर रहेको छ । घरेलु दर्शकहरुको अपार समर्थन र साथले सकारात्मक नतिजा जुटाउन पक्कै सहयोग गर्ने आशा गर्न सकिन्छ । गत कात्तिकमा यही रङ्गशालामा फाइनलमा भएको पराजयलाई यसपटक शक्तिमा बदल्न पनि नेपाली टोलीका तर्फबाट यथोचित प्रयत्न हुने अपेक्षा गरिएको छ ।

आगामी दिनमा अन्य फुटबल क्लबहरुले पनि पुरुष खेलाडीहरुलाई जस्तैः व्यावसायिक रुपमा महिला खेलाडीहरुलाई पनि आबद्ध गर्न सुरु गरेमा नेपालले अन्तरराष्ट्रिय सफलता हासिल गर्दै जाने निश्चित छ । अखिल नेपाल फुटबल सङ्घले पनि महिला फुटबलका प्रतियोगिता तथा गतिविधिलाई क्रमिक रुपमा बढाउँदै खेलाडीहरुले खेलेरै जीवनयापन गर्न सक्ने सन्देश प्रवाह गर्ने नेतृत्वदायी भूमिका लिनु अपेक्षा गरिएको छ । (लेखक खेल पत्रकार हुनुहुन्छ)



# नीतिगत र कानुनी सुधार, शान्ति सुरक्षा र दण्डहीनता अन्त्य गृह मन्त्रालयको प्राथमिकतामा



काठमाण्डु । गृह मन्त्रालयले बढ्दो सुरक्षा चुनौतीलाई सामना गर्ने कार्ययोजनाका साथ काम भइरहेको स्पष्ट पारेको छ । मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता रामचन्द्र तिवारीले नीतिगत र कानुनी सुधार, शान्तिसुरक्षा, अपराध नियन्त्रण र दण्डहीनता अन्त्यलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो ।

बढ्दो सडक दुर्घटना, आत्महत्या, लागुऔषध दुर्व्यसन, राजस्व चुहावट र साइबर अपराध सुरक्षा चुनौतीका रुपमा देखापरेका जनाउँदै प्रवक्ता तिवारीले त्यस्ता चुनौती सामना गर्न मन्त्रालयले काम गरिरहेको बताउनुभयो । नीतिगत तथा कानुनी सुधारलाई प्राथमिकता दिई प्रहरी ऐन, २०१२ र सशस्त्र प्रहरी ऐन, २०५८ लाई प्रतिस्थापन गरी परिवर्तित सन्दर्भमा नयाँ ऐन तर्जुमा गर्ने विधेयक र नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक गत माघ १५ गते सङ्घीय संसद्मा दर्ता भएको बताउनुभयो ।

विपद्जन्य घटनामा प्रभावितलाई राहतलगायत पुनःनिर्माण एवं पुनःस्थापनासँग सम्बन्धित कार्यलाई थप प्रभावकारी बनाउन विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१, विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१ (प्रथम संशोधन) र विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सीमा तथा अध्यागमन प्रशासनलाई चुस्त बनाउन दार्चुलाको टिङ्कर र मुस्ताङको कोरोला नाकामा अध्यागमन कार्यालय स्थापना, अध्यागमन कार्यालय बेलहियामा सुविधासम्पन्न भवनबाट सेवा प्रवाह, चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकलाई चीन आवागमन अनमुतिपत्र उपलब्ध गराउने कार्यविधि कार्यान्वयनमा आएको जनाएको छ ।

एक हजार ३७० जना क्षमताको नुवाकोटस्थित कारागार सञ्चालनमा आएको तथा मोरङमा २६८ र मुगुमा ३० जना क्षमताको कारागार सञ्चालनको तयारी पूरा भएको प्रवक्ता तिवारीले जानकारी दिनुभयो । केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणालीसम्बन्धी सेवा विस्तार गरी २५ जिल्लाका एक हजार ९२२ वडाबाट अनलाइन नागरिकता सिफारिस गर्ने व्यवस्था गरिएको छ ।

राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँग विभिन्न सार्वजनिक सेवा प्रदायक १२ वटा प्रणालीको अन्तरआबद्धता गरिएको र सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेसनलाई क्रमशः विस्तार गर्दै लगिएको मान्त्रालयले जनाएको छ । रासस

# प्रहरीलाई 'चेन अफ कमाण्ड' मा आधारित संस्थाका रुपमा स्थापित गरिनुपर्ने



काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरुले नेपाल प्रहरीलाई व्यवस्थित, अनुशासित र 'चेन अफ कमाण्ड' मा आधारित संस्थाका रुपमा स्थापित गरिनुपर्नेमा जोड दिनुभएको छ ।

प्रतिनिसभाको सोमबारको बैठकमा गृहमन्त्री रमेश लेखकले प्रस्तुत गर्नुभएको 'नेपाल प्रहरी विधेयक, २०८१ माथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्ताव माथिको छलफलमा सांसद रामहरि खतिवडाले नेपाल प्रहरीको सेवालाई चुस्त र प्रभावकारी बनाउन विधेयक महत्त्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल प्रहरीलाई कानुन अनुरुप जनताको सारथी बनाउने पद्धतिको विकास गराउनु आजको आवश्यकता भएको उहाँको भनाइ थियो । कतिपय अवस्थामा राजनीतिक नेतृत्वको स्वार्थ अनुकूल प्रहरी सङ्गठन चलाउने प्रवृत्ति पनि रहेको स्मरण गर्दै उहाँले आगामी दिनमा यस्ता कार्यलाई अन्त्य गरी कानुनी रुपमा व्यवस्थित गरेर कार्यदक्षता र कार्यशैलीको आधारमा प्रोत्साहन गर्दै लैजानुपर्ने बताउनुभयो ।

छलफलमा अर्का सांसद श्यामकुमार घिमिरेले प्रहरीसम्बन्धी विधेयक २०१२ सालपछि पहिलोपटक कानुनको रुपमा आएको बताउनुभयो । सरकार फेरिएपछि प्रहरी नियमावली संशोधन गरेर अनुकुलको व्याख्या गर्ने प्रवृत्तिको विकास भएकामा एकीकृत रुपमा विधेयक आउनु राम्रो भएको उहाँको भनाइ थियो ।

सांसद योगेशकुमार भट्टराईले नेपाल प्रहरी ऐनलाई संशोधन गर्दै नयाँ ऐन बनाइनु सुखद् रहेको, संघीयता कार्यान्वयनका निम्ति विधेयक महत्त्वपूर्ण भएको बताउनुभयो । प्रहरी सङ्गठनलाई व्यवस्थित गर्दै अपराध न्यूनीकरणमा प्रभावकारी बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

सांसद रञ्जुकुमारी झाले प्रहरी ऐन तत्काल ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै ऐनको कार्यान्वयनपछि कमजोर पक्षलाई संशोधनमार्फत् सुधार गर्दै लग्न सकिने सुझाव दिनुभयो । अर्का सांसद ज्ञानबहादुर शाहीले प्रहरी नायब उपरीक्षक भएकालाई प्रहरी निरीक्षकको तालिम दिने व्यवस्था उचित नभएको बताउनुभयो । संविधानसँग बाझिने गरी कानून बनाउन नहुने उहाँको भनाइ थियो ।

सांसद प्रेम सुवालले विदेशी मुद्राको लोभमा प्रहरीलाई प्रशिक्षण, तालिम र अध्ययनमा विदेश पठाउन नहुने व्यवस्था गर्नुपर्ने बताउनुभयो । सीमा अतिक्रमण र सीमा सुरक्षा प्रहरीलाई जिम्मा दिनुपर्ने उहाँको धारणा थियो ।सांसद सुशीला थिङले विधेयकले सङ्गठनलाई सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो । अपराध अनुसन्धानमा प्रहरीले प्रमुख जिल्ला अधिकारीको अनुमति लिनुपर्ने व्यवस्थाप्रति उहाँले असन्तुष्टि जनाउनुभयो।सांसद चन्दा कार्की (भण्डारी) ले गृह मन्त्रालयले नीति निर्माण गरी परिचालनको अधिकार प्रहरी सङ्गठनलाई दिनुपर्ने सुझाव दिनुभयो । उहाँले प्रहरी सङ्गठन स्वायत्त हुनुपर्ने भनाइ राख्नुभयो । सशस्त्र प्रहरी र नेपाल प्रहरीको कार्यक्षेत्र एवं अधिकार स्पष्ट छुट्याउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।अर्का सांसद विराजभक्त श्रेष्ठले नयाँ प्रहरी ऐनलाई आधुनिक, व्यावसायिक र उत्तरदायी प्रहरी सङ्गठन निर्माण गर्न सुझाब दिनुभयो । प्रहरी सङ्गठनको परिचालन, कार्यविभाजन र अनुसन्धान प्रक्रियामा स्पष्टता आवश्यक रहेको उहाँको भनाइ थियो ।

> सांसद रञ्जुकुमारी झाले प्रहरी ऐन तत्काल ल्याउनुपर्नेआवश्यकता औँल्याउँदै ऐनको कार्यान्वयनपछि कमजोर पक्षलाई संशोधनमार्फत् सुधार गर्दै लग्न सकिने सुझाव दिनुभयो ।

सांसद रोशन कार्कीले प्रहरी सङ्गठनको स्वायत्ततामा जोड दिँदै गृह मन्त्रालयको नियन्त्रणमा नभई निर्देशनका आधारमा सञ्चालन गर्नुपर्ने बताउनुभयो । सांसद ध्रुवबहादुर प्रधानले प्रहरीभित्रको 'चेन ब्रेक' गर्ने व्यवस्था राख्न नहुने बताउनुभयो । सांसद देवेन्द्र पौडेलले विधेयक प्रहरीको सेवा सुविधा र शर्तमा केन्द्रित भएता पनि शासन प्रणालीमा रुपान्तरण गर्ने कुरा नमिलेको बताउनुभयो ।

सांसद ठाकुरप्रसाद गैरेले विधेयकलाई जनउत्तरदायी बनाउनेमा केन्द्रित हुन आवश्यक भएको बताउनुभयो । प्रहरीको तल्लो तहका जवानको उच्च मनोबल वृद्धि गर्ने गरी प्राथमिकतामा राखेर विधेयक आउनुपर्नेमा उहाँले जोड दिनुभयो। सांसद सुदन किराँतीले प्रहरीलाई जनउत्तरदायी बनाउनुपर्नेमा जोड दिँदै उनीहरुका लागि शिक्षा, स्वास्थ्य निःशुल्क र रासनभत्ता वृद्धि गर्न सुझाव दिनुभयो ।

सांसद एकनाथ ढकालले प्रहरी सङ्गठनलाई प्रविधिमैत्री बनाउनुपर्ने बताउनुभयो । राजनीतिक हस्तक्षेप हटाउन विधेयकले स्पष्ट व्यवस्था गर्नुपर्ने धारणा उहाँले राख्नुभयो ।सांसद माधव सापकोटाले विधेयकले प्रहरी सङ्गठनको चेन अफ कमाण्ड भत्काउन दिन नहुने र जनउत्तरदायी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद प्रकाश ज्वालाले विधेयकले प्रहरी सङ्गठनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउनुपर्ने बताउनुभयो । अर्का सांसद बासुदेव घिमिरेले विधेयकमा नियुक्ति प्रणालीमा पारदर्शिता र योग्यता सुनिश्चित गरिएको बताउनुभयो ।बैठकमा सांसदहरु शेरबहादुर कुँवर, अशोककुमार चौधरी, शिशिर खनाल, रामप्रकाश चौधरी, सुशीला सिरपाली ठकुरी, नारायणी शर्मा, दुर्गा राईलगायतले प्रहरी विधेयकका विषयमा विचार राख्नुभएको थियो ।रासस

# परराष्ट्रमन्त्री र ओमानका विदेशमन्त्री अलबुसाइदीबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र ओमानका विदेशमन्त्री सयूयद बद्र बिन हमद



बिन हमुद अलबुसाइदीबीच मस्कटमा द्विपक्षीय भेटवार्ता भएको छ ।

आठौँ हिन्द महासागर सम्मेलनमा सहभागिताका लागि ओमनको राजधानी मस्कटमा रहनुभएका परराष्ट्रमन्त्री डा देउवा र ओमनी समकक्षी अलबुसाइदीबीच सोमबार भेटवार्ता भएको हो । त्यसअवसरमा मन्त्री डा देउवाले सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा विदेशमन्त्री अलबुसाइदीलाई बधाई ज्ञापन गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । भेटमा नेपाल-ओमान सम्बन्धका विविध पक्ष र विभिन्न क्षेत्रहरू सहकार्य प्रवर्द्धनका उपायबारे पनि छलफल भएको थियो ।

मन्त्री डा देउवाले नेपालमा दूतावास स्थापना गर्न तथा ओमन काठमाडौं सीधा हवाई उडान सुरु गर्न ओमन सरकारसँग आग्रह गर्नुभएको थियो । यसै सन्दर्भमा नेपाल र ओमानबीच कूटनीतिक अध्ययन र तालिमका क्षेत्रहरूमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ । यस सम्झौताले कूटनीतिक तालिम र कूटनीतिक क्षेत्रका सूचना आदानप्रदानमा सहकार्यको अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।रासस


## मालपोत कार्यालय मालौपुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस पतौरा वार्ड नं. १ हाल मौलापुर न.पा.४मा बस्ने हरिन्द्र साह कानु र रामपति देवी कनुईनले जग्गाधनि ठगा साह कानु मर्दा छोरा सुरुज साह कानुको नाम दर्ताको जि.रौ.गाविस पतौरा वडा नं.२कि.नं.२०६को०-०-६ अप्रमाणित जग्गालाई प्रमाणित गरी फिल्डबुकको नक्कलको आधारमा कि.नं.२०६ लाई संशोधन गरी कि.नं.३०६को०-०-६ कायम गरी आफनो संयुक्त नाममा नामसारीको लागि द.नं.६१९०मिति२०८०/११/२२ गतेको माग निवेदन । माग जग्गाको मोठ भिडान हुँदा गाविस पतौरा वडा नं.२ कि.नं.२०६को ०-०-६ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम, वतन च्यातिएको र प्रमाणित भाग पनि च्यातिएको उल्लेख रही ठगा साह कानु तथा सुरुज साह कानुको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ । मौलापुर न.पा.४ को च.नं.१३० मिति २०८१/६/१० गतेको पत्रले जिल्ला रौतहट साविक गाविस पतौरा वार्ड नं.१ हाल मौलापुर न.पा.४ मा बस्ने बस्ने श्री ठगा साह कानु मर्दा छोरा सुरुज साह कानुको नाममा दर्ताको जिल्ला रौतहट गाविस पतौरा वडा नं.२ कि.नं.२०६को क्षे.०-०-६ र फिल्डबुक, मोहीको १ नं लगतमा कि.नं.३०६को०-०-६ को जग्गाको जग्गाधनी श्रेस्ता पुर्जा अप्रमाणित रहेको दा.खा.हुन बाँकी रहेको जग्गा ठगा साह कानु मर्दा छोरा सुरुज साह कानुको हक भोगमा रही झुली साह कानुको २ वटा छोरा जेठा ठगा साह कानु र कान्छा छोरा डोमन साह कानु रहेकोमा ठगा साह कानु र निजको एकमात्र श्रीमति सोनिया देवीको कोखबाट कुनै छोरा-छोरीको जायजन्म नभई निज दम्पतीको मृत्यु पश्चात हक खाने एकमात्र भतिजा डोमन साह कानुको छोरा सुरुज साह कानु रहेको र ज.ध.श्रेस्ता पुर्जामा ज.ध.को नाम ठगा साह कानु मर्दा छोरा सुरुज साह कानु उल्लेख रहेको र सो जग्गा बुबा सुरुज साह कानुको हक भोगमा रही निज सुरुज साह कानु र निजको एकमात्र पत्नी पाना देवीको आफनो कालगतिले मृत्यु भई शेषपछिको हकखाने २ मात्र छोरा जेठा गुदरी साहकानु र कान्छा हरिन्द्र साह कानु रहेकोमा जेठा गुदरी साह कानुको आफनो कालगतिले मृत्यु भई निजको मृत्यु पश्चात हकखाने एकमात्र पत्नी रामपती देवी कनुईन रहेकोले सो अप्रमाणित जग्गा प्रमाणित गरी रामपती देवी र हरिन्द्र साह कानुको संयुक्त नाममा नामसारीको लागि लेखी आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाणसहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यर्यबिधि २०६२को भाग ३ परिच्छेद १को दफा १.९.१ङ बमेजिम यो ३५दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकासित भएको मितिले बाटोको म्यादबाहेक ३५दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांगदाबी बमोजिम नामसारी भै जाने व्यहोरा यसै सुचनाद्वरा जानकारी गराईन्छ ।

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस वैरिया वडा नं. ७ हाल राजपुर नगरपालिका वडा नं.९ बस्ने शेख युसुफको नाति शेख शफि अहमदको छोरा मो. शमिम अहमदले आफ्नो आमा पटिको हजुर बुबा नाता पर्ने शेख तुराबको छोरा शेख इस्माईलको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गरि पाउँ भनि निवेदन पेश गरेकोले जग्गाको मोठ भिडान हुँदा तिनपुस्ते उल्लेख नरहेको भनि मोठ फाँट लेखि आएकोले सोको नामसारी हुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए, असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम नामसारी भै जानेछ ।

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | वैरिया | ६ | २४८ | ०-२-०-० | ईसमाईल शे.तुराबके बैरिया |
| रौतहट | वैरिया | ६ | २४९ | ०-०-२-० | |
| रौतहट | वैरिया | ६ | २८३ | ०-३-०-० | |

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### जग्गा नामसारी सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस तेजापाकड वार्ड न. ३ हाल परोहा नपा ३ मा बस्ने लक्ष्मण महतो नुनियाको छोरा धुपा महतोको पत्नी विधिपती देवी १ ऐ.ऐ. जिगडवा बेलविछ्वा वार्ड न. १ हाल परोहा नपा २ बस्ने लक्ष्मण महतो नुनियाको छोरी अमिचन महतोको पत्नी राजकुमारी देवीसमेतले आफनो बुवा नाता पर्ने लक्ष्मण महतो नुनियाको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा नामसारी गरी पाउँ भनि माग भई आएकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएकोले साथै परोहा नपा २ को चलानी न. ४८५ मिति २०८०।०३।०८ को सिफारिस भई आएकोले नामसारीको हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा. नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी दा.खा. नामसारी भै जानेछ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | विग्डवा बेलविछ्वा | ४ | १४७ | ०-०-१० | लक्ष्मण महतो नुनिया |
| रौतहट | विग्डवा बेलविछ्वा | ४ | २७ | ०-३-० | लक्ष्मण महतो नुनिया |

## Shahidnagar Municipality
### Office Of The Municipal Executive
### Yadukuha, Dhanusha
### Madhesh Province, Nepal

## Request for Quotation for HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

**(Date of First Publication: B.S. 2081/11/05 (A.D 2025/02/17)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Shahidnagar Municipality, Dhanusha District has received funds on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for *Hiring a Firm for Skills Development Training in Shahidnagar Municipality.*
2. A firm will be selected through an open competitive process under the procedures as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Shahidnagar Municipality, Dhanusha District invites sealed quotation from the qualified firms. The brief description of the procurement in as follows.

| S. N | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date & Time) | RFQ-Opening Date & Time |
|---|---|---|---|---|---|
| 1 | HiringaFirmforSkillsDevelopment Training in Shahidnagar Municipality (Shahidnagar/PMEP/YETI/01/2081/ 082) | Rs. 1000 | 2081/11/19 | 2081/11/19 12:00 PM Noon | 2081/11/20/ 2:00 PM |

4. Bidder Should deposit the cost of bidding document in the office revenue account.
   **Account Holder's Name:** GA.1.1 Shahidnagar Na.Pa. Aantarik Rajaswa Khata
   **Account No.:** 1220100301010010
5. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of the last date for purchasing, submission and opening of RFQs falls on a Government Holidays, the next working day shall be considered the last day. in suce a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to the Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For the Quotation Document and other information please visit https://shahidnagarmun.gov.np or Contact the Shahidnagar Municipality, Dhanusha.
   **Contact No.:** 9807835117

# गाजा युद्धविरामको नयाँ चरणबारे छलफल गर्दै

एएफपी

जेरुसेलम । गाजामाथि अमेरिकी नियन्त्रण गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रस्तावलाई अघि बढाउन अमेरिकी विदेशमन्त्री मार्को रुबियोले साउदी अरेबियाको भ्रमण सुरु गरेसँगै इजरायलको सुरक्षा क्याबिनेटले सोमबार हमाससँगको युद्धविरामको अर्को चरणबारे छलफल गर्न तयारी गरेको छ। इजरायलबाट रियाद पुग्नुभएका रुबियोले ट्रम्पको विदेशमन्त्रीका रूपमा आफ्नो पहिलो मध्यपूर्व भ्रमण सुरु गर्नुभएको हो।

"हमास सैन्य वा सरकारी शक्तिको रूपमा जारी रहन सक्दैन... उनीहरूलाई समाप्त पार्नुपर्छ", प्यालेस्टिनी इस्लामवादी समूहबारे रुबियोले इजरायलमा भन्नुभयो। सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणले गाजालाई तहसनहस पार्ने १५ महिने युद्ध सुरु गरेको थियो।उहाँको छेउमा उभिएर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले दुई मित्रराष्ट्रको 'एउटा साझा रणनीति' छ र गाजामा उग्रवादीहरूले बन्धक बनाएका सबैलाई मुक्त नगरिए 'नरकको ढोका खोलिनेछ' भन्नुभयो।

हमासले तीन सय ६९ प्यालेस्टिनी कैदीको बदलामा तीन इजरायली बन्धकलाई रिहा गरेको एक दिनपछि यी टिप्पणी आएका हुन्। यो कतार र इजिप्टको सहयोगमा अमेरिकाले मध्यस्थता गरेको युद्धविराम सम्झौताअन्तर्गत छैटौं आदानप्रदान थियो।इजरायल र हमासले एकअर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएका छन्। भग्नावशेषले भरिएको गाजामाथि नियन्त्रण लिने र



यसका २० लाखभन्दा बढी बासिन्दालाई गाजाबाट बाहिर सार्ने ट्रम्पको व्यापक रूपमा निन्दा गरिएको प्रस्तावले यो थप तनावग्रस्त बनेको छ।

"हामीले गाजाको भविष्यका लागि ट्रम्पको साहसी दृष्टिकोणबारे छलफल गर्‍यौं र त्यो दृष्टिकोणलाई वास्तविकता बनाउन सुनिश्चित गर्न काम गर्नेछौं", नेतन्याहुले भन्नुभयो।नेतन्याहुले वासिङ्टन भ्रमण गर्दा यस महिनाको सुरुमा ट्रम्पले रेखाङ्कित गर्नुभएको योजनामा विवरणहरू थिएनन् तर उहाँले यसले गाजावासीहरूलाई जोर्डन वा इजिप्टमा सार्ने काम समावेश गर्ने बताउनुभयो।

**एकमात्र योजना**

इजरायलको शीर्ष सहयोगी र हतियार आपूर्तिकर्ता संयुक्त राज्य अमेरिकाले अरब सरकारहरूबाट वैकल्पिक प्रस्तावहरूका लागि खुला रहेको बताएको छ तर रुबियोले अहिलेका लागि 'ट्रम्प योजना मात्र योजना हो' भन्नुभएको छ।यद्यपि साउदी अरब र अन्य अरब राज्यले उहाँको प्रस्तावलाई अस्वीकार गरेका छन् र त्यसको सट्टा इजरायलको साथमा एक प्यालेस्टिनी राज्यको स्थापनालाई समर्थन गर्छन्।

इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीले आइतबार प्यालेस्टिनी राज्य मध्यपूर्वमा दीर्घकालीन शान्तिको 'एक मात्र ग्यारेन्टी' हुने बताउनुभएको छ।साउदी अरेबियापछि रुबियो संयुक्त अरब इमिरेट्स पनि जानुहुनेछ।

संयुक्त राज्य अमेरिकाले साउदी अरेबियाले इजरायललाई मान्यता दिने सम्भावित ऐतिहासिक सम्झौताका लागि दबाब दिइरहेको छ तर ट्रम्पको गाजा योजनाले त्यो प्रयासलाई जटिल बनाएको छ।

हमास र इजरायलले युद्धविरामको पहिलो ४२-दिने चरण कार्यान्वयन गरिरहेका छन्। यो युद्धविराम गत हप्ता भङ्ग हुने नजिक पुगेको थियो।"कुनै पनि क्षणमा लडाइँ पुनः सुरु हुन सक्छ।

शान्ति जारी रहनेछ र इजिप्टले इजरायललाई युद्ध पुनः सुरु गर्न र मानिसहरूलाई विस्थापित गर्नबाट रोक्न दबाब दिनेछ भन्ने हामी आशा गर्छौं", दक्षिणी गाजाका सेवानिवृत्त शिक्षक ६२ वर्षीय नासेर अल-अस्टलले भन्नुभयो।

जनवरी १९ मा युद्धविराम लागु भएदेखि एक हजारभन्दा बढी प्यालेस्टिनी कैदीको बदलामा १९ इजरायली बन्धकलाई रिहा गरिएको छ।युद्ध सुरु गर्ने हमासको सन् २०२३ अक्टोबर ७ को इजरायलमाथिको आक्रमणमा पक्राउ गरिएका दुई सय ५१ जनामध्ये ७० जना अझै गाजामा छन् र तीमध्ये ३५ जनाको मृत्यु भएको इजरायली सेनाले बताएको छ।

एक वक्तव्यमा रुबियोले हमासको बन्धक बनाउने कार्यलाई 'बिरामी दुष्टता' को रूपमा निन्दा गर्नुभयो र बाँकी सबै बन्धक, जीवित र मृत, विशेषगरी पाँच इजरायली-अमेरिकी दोहोरो नागरिकको तत्काल रिहाइको माग गर्नुभयो।युद्धको थप स्थायी अन्त्य गर्ने उद्देश्यले युद्धविरामको दोस्रो चरणमा वार्ता यस हप्ता दोहामा सुरु हुनसक्ने हमासका एक अधिकारी र वार्तासँग परिचित अर्को स्रोतले बताएका छन्।नेतन्याहुको कार्यालयले दोस्रो चरणको छलफलका लागि सोमबार आफ्नो सुरक्षा मन्त्रिमण्डलको बैठक बोलाउने बताएको छ।

पहिलो चरणको 'निरन्तर कार्यान्वयन' बारे छलफल गर्न प्रधानमन्त्रीले सोमबार कायरोमा वार्ताकारहरू पनि पठाउँदै गरेको प्रधानमन्त्रीको कार्यालयले बताएको छ।"मन्त्रिपरिषदको बैठकपछि टोलीले दोस्रो चरणमा वार्ताका लागि थप निर्देशनहरू प्राप्त गर्नेछ", कार्यालयले भन्यो।

## महिला फुटबल :

# म्यानमारद्वारा लेबबान पराजित



काठमाण्डु। अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगितामा म्यानमारले लेबबानलाई पराजित गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमबार भएको खेलमा म्यानमारले लेबनानलाई ३-१ गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। म्यानमारको जितमा विन थेङ्गी तुन, स्वेय यी तुन र सान थाअले समान एक-एक गोल गरे। यता लेबबानका लागि लायला इस्कन्दरले सान्त्वना गोल गरिन्। खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ५६औँ मिनेटमा म्यानमारकी विनले पेनाल्टी बक्सबाट प्रहार गरेको बलले सिधै जाली चुम्यो। त्यसपछि खेलको ६०औँ मिनेटमा लेबनानकी लायलाले एक गोल गरिन्।

खेलको ७२औँ मिनेटमा म्यानमारकी अर्की खेलाडी स्वेय यीले हेडमार्फत बललाई जाली चुमाइन्। त्यसको तीन मिनेटपछि सानले अर्को गोल थपिन्। उनले रिबाउन्डमा गोल गरेकी हुन्।यस जितसँगै म्यानमारले तीन अङ्क जोडेको छ।

सोही प्रतियोगिताअन्तर्गत सोमबार हुने दोस्रो खेलमा नेपाल र कीर्गिस्तानबीच प्रतिस्पर्धा भएको छ।रासस

# संसद्मा झुट बोलेको अभियोगमा सिङ्गापुरका विपक्षी नेतालाई जरिवाना

एएफपी

सिङ्गापुर। सिङ्गापुरका विपक्षी दलका नेतालाई संसद्मा झुट बोलेको र पार्टीका एक सदस्यलाई झूटो साक्षीको विवरण ढाकछोप गर्न सहयोग गरेको अभियोगमा सोमबार जरिवाना गरिएको छ।सिङ्गापुर वर्कर्स पार्टीका महासचिव ४८ वर्षीय प्रितम सिंहलाई एक सांसदमाथि छानबिन गरिरहेको संसदीय समितिसमक्ष झूट बोलेको अभियोगमा दोषी ठहर गरिएको हो।

केही महिनाभित्रै हुने चुनावमा सत्तारुढ पिपुल्स एक्सन पार्टी (पिएपी) को अत्यधिक प्रभुत्वलाई चुनौती दिन खोजिरहेको बेला यो सजाय आएको हो।पिएपीले सन् १९५९ देखि धनी शहर-राज्यमा शासन गर्दै आएको छ।सिंहले समितिलाई भनेको कुरा विपरीत सांसद रईसाह खानलाई संसद्मा आफ्नो झूटलाई ढाकछोप गर्न भनिएपनि सिकाए अनुसार ' बनाउटी कुरा' गर्दै गर्दा उहाँ चुकेको देखिएको जिल्ला अदालतका न्यायाधीश ल्यूक टानले बताउनुभयो।

न्यायाधीशले खानको बयानलाई उद्धृत गर्दै भन्नुभयो, "सिंहले खानलाई बैठकको क्रममा आफ्नो दावीलाई बास्तविक प्रमाणित गर्न' हदैसम्मको अभिनय गर्न भनेको रहेछन् तर खानले सिंहले भनेजस्तो गर्न सकेनन्। " अदालत बाहिर पत्रकारहरूसँग बोल्दै आफूलाई राजनीतिक प्रतिशोध लिने मनसायबाट सत्ताधारी मान्छेहरूले फसाएको बताउँदै सिंहले भन्नुभयो, "मसँग भएको सल्लाह र मलाई शुभेच्छुकहरूले दिएको सल्लाहको आधारमा म आम चुनावमा भाग लिनेछु।"

उहाँले भन्नुभयो, "मलाई कानुन एकदम स्पष्ट छ भनेर सल्लाह दिइएको छ। निर्वाचन विभागले पछि विज्ञप्ति जारी गर्नेछ भन्ने मैले बुझेको छु।"उहाँले भन्नुभयो, "यो चुनाव सजिलो हुनेवाला छैन। हामीले कडा सङ्घर्ष गर्नु पर्नेछ र हामी त्यही गर्नेछौं।"सिंहलाई प्रत्येक अभियोगमा सात हजार सिंगापुर डलर जरिवाना गरिएको अदालतको फैसलाविरुद्ध अपिल गर्ने सिंहले बताउनुभयो। सिंहले भन्नुभयो, "विपक्षी राजनीति रोज्ने बाटो कमजोर मन भएकाहरूका लागि होइन।"

संविधानअनुसार न्यूनतम १० हजार सिंगापुर डलर (सात हजार ४०० अमेरिकी डलर) जरिवाना वा कम्तीमा एक वर्षको जेल सजाय पाउने व्यक्ति निर्वाचनमा भाग लिन वा पाँच वर्षसम्म संसदीय सिट धारण गर्न अयोग्य ठहरिन्छ।"प्रतिआरोप १० हजार अमेरिकी डलर जरिवानाको सीमा ननाघेकाले उहाँ निर्वाचनमा जान अयोग्य ठहरिनुहुने छैन," सिंगापुर म्यानेजमेन्ट युनिभर्सिटीमा संवैधानिक कानुनका प्राध्यापक यूजीन टानले एएफपीसँग भन्नुभयो।

यस प्रकरणपछि विधायिकाबाट राजीनामा दिएकी रईसा खानले आफूसँगै आएकी एक महिला बलात्कार पीडितको बारेमा संसद्मा सुनाएको कथा तयार पारेको स्वीकारेकी थिइन्।पूर्व सांसदले सन् २०२१ मा संसदलाई दिएको जानकारीमा एक प्रहरी अधिकारीले कथित पीडितको पहिरनबारे 'असंवेदनशील टिप्पणी' गरेको र उनले रक्सी पिएको बताउनुभएको थियो तर गृहमन्त्री के शनमुगमले यस्तो घटनाको प्रहरी फाइलमा कुनै रेकर्ड नभएको र खानले अन्ततः झूट बोलेको स्वीकारेका बताउनुभयो।

त्यसपछि सिंहमाथि खानको बयानबारे छानबिन गर्ने संसदीय समितिसमक्ष झूट बोलेको आरोप लागेको थियो।

उहाँले पार्टी नेताको रूपमा आफ्नो जिम्मेवारीलाई कम आँक्ने प्रयासमा खानले बलात्कार पीडितको बारेमा कथा बनाएको बारे आफूलाई थाहा नभएको समितिलाई बताउनुभएको थियो।

तर न्यायाधीशले साक्षीको रूपमा सिंहको विश्वसनीयतालाई तोडिदिएका छन्।

# सन् २०२४ को चौथो त्रैमासिकमा जापानको आर्थिक वृद्धिदर सुस्त

एएफपी

टोकियो।सन् २०२४ मा जापानको आर्थिक वृद्धिदर अत्यधिक सुस्त भएको सरकारी तथ्याङ्कले सोमबार देखाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको संरक्षणवादी व्यापार नीति, आयात शुल्कलगायतका कारण विश्वको चौथो ठूलो अर्थतन्त्रमा परेको असरप्रति जापानी कम्पनीहरू चिन्तित भइरहेका बेला यो आँकडा आएको हो।सन् २०२४ मा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) ०.१ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिको १.५ प्रतिशतभन्दा निकै कम हो।तर अक्टोबर-डिसेम्बरको आँकडा भने उज्वल थियो।



जुलाई-सेप्टेम्बरमा ०.४ प्रतिशतबाट अक्टुबर-डिसेम्बरमा त्रैमासिक-दर वृद्धि ०.७ प्रतिशत कायम भएको थियो। दशकौंको सबैभन्दाभयानकआँधीशक्तिशाली भूकम्पको' चेतावनीबीच अक्टूबर डिसेम्बरमा त्रैमासिक-दर वृद्धि ०.७ पुगेको हो। चौथो त्रैमासिकको ०.३ प्रतिशतको वृद्धिको आँकडा पनि बजार अपेक्षाभन्दा दोब्बर भन्दा बढीले कमी हो।मुडिज एनालिटिक्सका स्टेफन एन्ग्रिकले भन्नुभयो, "सतहमा हेर्दा सन् २०२४ को अन्तिम अवधिमा जापानको कुल गार्हस्थ्य उत्पादन वृद्धि एउटा सुधारको सङ्केतजस्तो देखिन्छ।" "जापानको प्रारम्भिक कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आँकडा निकै कमजोर छ र सुधार हुनु सामान्य कुरा हो तर ठूलो मात्रामा सुधारको आवश्यकता छ," उहाँले भन्नुभयो। "अझै पनि हिलोमा फसेको घरेलु अर्थव्यवस्थालाई उत्साहित प्रमुख आँकडाले अर्थतन्त्र संरक्षण गर्ने सङ्केत देखिन्छ। तलब लाभले तीन वर्षसम्म बलियो बनको मुद्रास्फीतिलाई पछाडि पारेको छ," एन्ग्रिकले भन्नुभयो।

उहाँले भन्नुभयो, "विश्वव्यापी व्यापारको लागि खराब अवस्थालाई ध्यानमा राख्दै, जापानले सन् २०२५ मा आर्थिक वृद्धिको सुस्ततालाई नियन्त्रणमा लिनको लागि निर्यातमा भरोसा गर्न सक्षम हुनेछैन।"ट्रम्पले गत हप्ता अप्रिल २ देखि आयातित कारमा कर लगाउने योजना बनाएको बताउनुभएको थियो।

दैवा इन्स्टिच्युट अफ रिसर्चले जीडीपीको पछिल्लो आँकडा सार्वजनिक गर्नुअघि भनेको छ, "मोटर गाडीको उत्पादन सामान्यीकरणलगायत विभिन्न वृद्धिका कारकहरू देखिएका छन्।"

संस्थानले एक रिपोर्टमा भनेको छ, "कर्पोरेसनहरूको तर्फबाट पूँजीगत खर्चको लागि तीव्र चाहना, र आन्तरिक खपतमा पुनरागमन' पनि सकारात्मक कारकहरू रहेका थिए।"गत वर्ष जर्मनीलाई उछिनेर जापान विश्वको तेस्रो ठूलो अर्थतन्त्र बनेको थियो र भारतले यस दशकको अन्त्यतिर दुवै देशलाई उछिनेको अनुमान गरिएको थियो।स्थितिमा आएको परिवर्तनले मुख्यतया डलरको तुलनामा येनमा आएको तीव्र गिरावटलाई प्रतिबिम्बित गरेको विश्लेषकहरूले त्यतिबेला बताएका थिए।

गत जनवरीमा बैङ्क अफ जापान ( बिओजे)ले १७ वर्षपछि पहिलो पटक मार्चमा ब्याजदर वृद्धि गरेको थियो।सन् २००८ यताकै सबैभन्दा बढी ऋण लिने लागत मापन गरिएको यो कदमले 'निरन्तर' बढ्दो ज्याला र वित्तीय बजार 'समग्रमा स्थिर' हुनुलाई पनि आधार बनाएको बैङ्कले जनाएको छ।हालैका वर्षहरूमा अन्य केन्द्रीय बैङ्कहरूले उधारो लागत बढाएपनि बिओजे भिन्नरूपमा उभिएको थियो।

अन्ततः यसले मार्चमा दरलाई शून्यताभन्दा माथि उठायो र यसले जापानको 'हराएको दशकौं' को आर्थिक स्थिरता र स्थिर वा घट्दो मूल्यहरूको सामना गर्न बनाइएको नीतिहरूबाट टाढा जाने सङ्केत दियो।क्यापिटल इकोनोमिक्सले सोमबार एक सूचनामा भनेको छ, "जीडीपीको चौथो त्रैमासिकमा भएको उछाल व्यापक नभएपनि यसले हाम्रो विचारलाई समर्थन गर्छ। बैङ्क अफ जापानले यस वर्ष नीतिलाई धेरैले अनुमान गरेभन्दा बढी आक्रामक रूपमा कडा बनाउनेछ।"

# गोल्डकपमा नेपालसहित चार देशका १० टोली सहभागी हुँदै

भद्रपुर। दोस्रो भद्रपुर झापा गोल्डकप २०८१ मा नेपाल, भारत, भुटान र बङ्गलादेशका १० टोली सहभागी हुने भएका छन्। यही फागुन ७ देखि फागुन १६ गते मेची रङ्गशालामा प्रतियोगिताका खेल हुँदैछन्।




सोमबार आयोजित पत्रकार सम्मेलनमा झापा गोल्डकपका अध्यक्ष दीपेश ढकालले २० हजार दर्शक अटाउने गरी स्थायी र बाँसको अस्थायी प्यारापिट निर्माण गरिएको बताउनुभयो। दर्शकले क्वाटरफाइनलसम्मका खेल हेर्न रु दुई सय, सेमिफाइनलमा रु तीन सय र फाइनलका लागि बाँसको अस्थायी प्यारापिटमा रु तीन सय तथा पक्की प्यारापिटका लागि रु पाँच सय टिकट दर कायम गरिएको उहाँले जानकारी दिनुभयो।

प्रतियोगितामा घरेलु टोली भद्रपुर ब्लेजर्स, ए डिभिजन क्लब चर्च ब्याइज युनाइटेड, मच्छिन्द्र फुटबल क्लब, नेपाल पुलिस क्लब, न्यु रोड टिम, सशस्त्र प्रहरीको एपिएफ एफसी र झापा ११ गरी सात नेपाली टोली सहभागी हुँदैछन्।

यसैगरी भारतको दार्जिलिङ पुलिस एफसी, भुटानको ट्रान्सपोर्ट युनाइटेड एफसी र बङ्गलादेशको काउर्न बजार प्रगति सङ्घ गरी तीन विदेशी टोली सहभागी हुनेछन्।

प्रतियोगिताको विजेता टोलीले नगद रु १३ लाख तथा उपविजेताले नगद रु सात लाख प्राप्त गर्नेछन्। यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद रु एक लाख पाँच हजार, उत्कृष्ट गोल किपर, उच्च गोलकर्ता, उदियमान खेलाडी र प्रशिक्षकले नगद रु २५ हजार प्राप्त गर्ने छन्।

प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु २१ हजार नगद पुरुस्कार प्रदान गरिनेछ।

प्रतियोगिता सम्पन्न गर्न रु एक करोड ७८ लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष ढकालले जानकारी दिनुभयो।रासस

# अन्तरराष्ट्रिय फुटबल खेल्न साम्बा स्वदेश फर्किन



काठमाण्डु। नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी 'फरवार्ड' सावित्रा भण्डारी (साम्बा) सोमबार स्वदेश फर्किएकी छिन्।

फ्रान्समा व्यवसायी फुटबल खेलिरहेकी साम्बा नेपालले आयोजना गरेको चार देश सम्मिलित अन्तरराष्ट्रिय महिला फुटबल प्रतियोगिता खेल्न स्वदेश फर्केकी हुन्। उनलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहलगायतले अन्तरराष्ट्रिय त्रिभुवन विमानस्थलमा स्वागत गर्नुभएको थियो। नेपालले सोमबार साँझ ६ बजे कीर्गिस्तानसँग खेल भएको छ।

यसअघि उक्त प्रतियोगिताका लागि सयुक्त अरब इमिरेट्स (युएइ) को लिग खेलिरहेकी रेखा पौडेल र ग्रिसमा व्यावसायिक फुटबल खेलिरहेकी नेपाली टोलीकी कप्तान तथा गोलकिपर एन्जिला तुम्बापो सुब्बा नेपाल फर्किएकी थिइन्। प्रतियोगितामा नेपालसहित कीर्गिस्तान, म्यानमार र लेबननको सहभागिता रहेको छ।

प्रतियोगिताका खेलहरू राउन्ड रोबिनका आधारमा खेलिने छभने शीर्ष स्थान हासिल गर्ने दुई टोलीबीच फाइनल भिडन्त हुनेछ। प्रतियोगितामा नेपालले आजसँगै यही फागुन ८ गते लेबनानसँग खेल्ने छभने ११ गते म्यान्मासँग खेल्नेछ।

नेपाली टोलीको 'गोलकिपर'मा कप्तान एञ्जिला तुम्बापो सुब्बासँगै अञ्जना राना मगर र उषा नाथ छन्।

त्यसैगरी, 'डिफेन्डर'मा निशा थोकर, समीक्षा घिमिरे, अमृता जैशी, गीता राना, विमला विक, पूजा राना, बिमला चौधरी र मनमाया दमाईं छन्। त्यसैगरी, 'मिडफिल्डर'मा अनिता बस्नेत, रेनुका नगरकोटे, प्रीति राई, सरू लिम्बु, सविता राना मगर, रेनुका हमाल र सुष्मा तामाङ छन्। फरवार्डमा सावित्रा भण्डारी, रश्मीकुमारी घिसिङ, चन्द्रा भण्डारी, अनिता केसी र रेखा पौडेल छन्।रासस

# युरोपेली नेताहरू पेरिसमा पुनः एकजुट

एपी

पेरिस। फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोनले सोमबार आफ्नो भव्य एलिसी प्यालेसमा प्रमुख युरोपेली सङ्घ (इयु) का राष्ट्रहरू र बेलायतका नेताहरूलाई अमेरिकासँग कसरी व्यवहार गर्ने भन्ने विषयमा आपत्कालीन बैठक बोलाउनुभएको छ।

यो कदम ट्रम्प प्रशासनको एक हप्ते युक्रेनसम्बन्धी कूटनीतिक प्रहारपछि आएको हो। ट्रम्पले क्रेमलिनलाई अँगालो हाल्नुभएको र आफ्ना पुराना युरोपेली सहयोगीहरूलाई चिसो व्यवहार गर्नुभएको जस्तो देखिन्छ।अमेरिकी राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पले पुनर्निर्वाचनअघि महिनौंसम्म आक्रामक चेतावनीहरू दिनुभए पनि इयुले अन्ततः आफ्नो सुरक्षा बलियो बनाउन कार्य गर्न थाल्नेछ र वासिङ्टनको सैन्य शक्तिमा कम निर्भर हुन थाल्नेछ भनेर इयुका नेताहरूले सार्वजनिक रूपमा यी खतरनाक पूर्वसङ्केतहरूलाई बेवास्ता गरे र कुनै न कुनै तरिकाले



ट्रम्प युरोपको साथमा उभिनुहुन्छ भन्ने आशा गरे।

तर गत हप्ता युरोपको प्रारम्भिक भ्रमणका क्रममा उपराष्ट्रपति जेडी भान्स र रक्षामन्त्री पिट हेग्सेथको भाषणले युरोपको सुरक्षा प्रतिबद्धता र यसका आधारभूत लोकतान्त्रिक सिद्धान्तहरू दुवैमाथि प्रश्न उठाएको थियो।

म्याक्रोनले सैन्य खतराको सामना गर्दा उहाँहरूको पीडादायी आलोचना र असहयोगका धम्कीहरूले प्रणालीमा धक्का लागेको महसुस भएको बताउनुभयो।

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

# किसानको आम्दानीको स्रोत बन्दै रुद्राक्ष



काठमाण्डु । रुद्राक्ष भोजपुरका किसानको राम्रो आम्दानीको स्रोत बनेको छ। यहाँका किसानले रुद्राश्र बिक्री गरेर मनग्य आम्दानीसमेत गर्दै आएका छन् ।

जिल्लामा रुदाक्षबाट रु १५ देखि २० करोडको हारहारीमा रकम भित्रने रुद्राक्ष व्यवसायी सङ्घका सचिव उत्तम कटुवालले जानकारी दिनुभयो । बजारमा मुखद्धार दानाको मूल्य राम्रो रहेको सचिव कटुवालले बताउनुभयो । एकाइस मुखे मुखद्धार एउटा दाना रु २० लाखदेखी ६० लाखसम्ममा बिक्री हुने गरेको उहाँको भनाइ छ । मुखद्धार बाहेकका दानाको भने मूल्य कम रहेको उहाँले बताउनुभयो ।

"मुखद्धार रुद्राक्षको बजार मूल्य निकै राम्रो छ" सचिव कटुवालले भन्नुभयो,"मुखद्धार दानाको मूल्य आकारको आधारमा निर्धारण हुन्छ । एकाइस मुखेदाना रु २० देखी ६० लाखसम्ममा बिक्री हुन्छ । जिल्लामा रुद्राक्षबाट १५ देखि २० करोडको हारहारीमा रकम भित्रिन्छ ।"आठदेखि २९ मुखसम्म भएको दानालाई मुखदार भनिन्छ । बजारमा सबै भन्दा बढी २१ मुखे दानाको माग रहेको छ । सचिव कटुवालका अनुसार आठ मुखे, बाह्र मुखे मुखद्धार दाना आकारको आधारमा एक हजार पाँच सयदेखि पाँच हजारसम्म बिक्री हुने गरेको छ ।

त्यस्तै १३ मुखे रु पाँच हजारदेखि १५ हजारसम्म, १४ र १५ मुखे दाना आकारको आधारमा रु दश हजारदेखि ५० हजारसम्म, १६ मुखे ५० हजार एक लाखसम्म, १७ मुखे रु ७० हजारदेखि दुई लाखसम्म, १८ मुखे रु ढेडलाखदेखि चारलाखसम्म र २१ मुखेलाई २० लाख ६० लाखसम्म पर्दछ । विगतमा बिक्री हुने पाँच र छ मुखे दानाको भने बजारमा माग नरहेको उहाँले जानकारी दिनुभयो । दाना राम्रो बनाउने बहनामा किसानले औषधिको प्रयोग गर्ने गरेकाले रुख मर्ने समस्या देखिएको उहाँको भनाइ छ ।

विगतमा प्राकृतिक रुपमा (औषधि प्रयोग नगरी) उत्पादन भएका रुद्राक्षका बोटमा कमै मात्र भए पनि गुणस्तरिय मुखदार दाना फल्ने भएकाले राम्रो मूल्यमा बिक्री हुने गरेको थियो । औषधिको प्रयोगले उत्पादनमा वृद्धि भए पनि मूल्यमा भने कमि आएको उहाँको भनाइ छ । उत्पादन भएको रुद्राक्षको बजारीकरणमा समस्या रहेको षडानन्द नगरपालिका दिङ्लाका स्थानीय रुद्राक्ष व्यवसायी सुजन राईले बताउनुभयो । रुद्राक्षलाई वन पैदावरको रुपमा राखिएकोले बिक्री वितरणमा समस्या रहेको छ ।

रुद्राक्षलाई राज्यले नगदेबालीको रुपमा राखिदिए थप सहजता हुने उहाँले बताउनुभयो । दिङ्ला क्षेत्रमा दुई हजार बढी किसानले व्यवसायी रुपमा रुद्राक्षको खेती गरेको राईले बताउनुभयो ।

"यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत नै रुद्राक्ष हो"उहाँले भन्नुभयो,"हाम्रो दिङ्ला क्षेत्रमा मात्र दुई हजार बढी किसानले व्यावसायिक रुपमा यसको खेती गरिररहेका छन् । रुद्राक्षलाई वन पैदावरको रुपमा राखिँदा बजारीकरणमा समस्या छ ।"

षडानन्द नगरपालिकाको नेपालेडाँडा, कुदाकाउले, देउराली, मूलपानी केउरेनीपानी, साल्पासिलिछो गाउँपालिकालगायत जिल्लाका विभिन्न ठाउँमा रुद्राक्षको खेती हुने गर्दछ । रुद्राक्षको दाना चोरी हुने, बोट काटिदिने समस्या बढ्ने भएकाले किसानले यसको सुरक्षासमेत गर्दै आएका छन् । भोजपुरबाट यो वर्षको माघ महिनासम्म करिब ७० हजार केजी रुद्राक्ष निर्यात भएको डिभिजन वन कार्यालय भोजपुरका सहायक वन अधिकृत विजय यादवले जानकारी दिनुभयो ।

जिल्लामा रुद्राक्ष अत्याधिक उत्पादन हुने भए पनि यसको मुख्य बजार सङ्खुवासभाको खाँदबारी रहेको छ । खाँदबारीबाट तराईका जिल्ला, काठमाडौँ हुँदै चीन र भारतमासमेत निर्यात हुने रुद्राक्ष व्यवसायीको भनाइ छ । यस्तै युरोप र अमेरिकालगायतका मुलुकमासमेत रुद्राक्ष निर्यात हुने गरेको छ ।

भोजपुरमा रुद्राक्षको इतिहास हेर्दा विसं १९३२ भन्दा पहिले भारतको काशीबाट ल्याएर बालागुरु षडानन्द अधिकारीले दिङ्लामा रोपेको भन्ने भनाइ छ । रुद्राक्ष समुद्री सतहदेखी एक हजार चार सय मिटरसम्मको उचाइमा खेती गर्न सकिने विज्ञहरुको भनाइ छ । रासस

## श्री गुठी संस्थान
### शाखा कार्यालय, जनकपुरधाम

## पोखरीको ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको 30 (तिस) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/०५

यस कार्यालय अन्तर्गत रहेको जि.ध.धनौजी वडा नं. ५ कित्ता नं. १६ क्षे.फ. ३-१२-७ को गुठी तैनाथी जग्गा रहेको पोखरी न्यूनतम वार्षिक ठेक्का रकम रु. २,००,०००।- (अक्षरेपी दुई लाख मात्र) मा नघटने गरी ५ (पाँच) वर्षका लागि ठेक्कामा बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको १२:०० बजेसम्म आफूले लिन चाहेको दर अंक र अक्षरमा उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका गोप्य बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्र नियमानुसार कार्यालय खोलिनेछ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सूचित गरिन्छ ।

श्री गुठी संस्थान शा.का.जनकपुरधाम
सम्पर्क नं. ०४१-५९०२८१

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/११/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

### क्र.सं. १. ऋणीको विवरण

**नाम : श्रीधर कुमार भुजेल**
बाबुको नाम : देव राज भुजेल, बाजेको नाम : धनबिर भुजेल
ठेगाना : यज्ञभुमी - ३, धनुषा, हाल : धनुषाधाम - ८, धनुषा
ना.प्र.प.नं. : १७३०५०/१९१९, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/१५
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : देव राज भुजेल**<br>बाबुको नाम : धनबिर भुजेल<br>बाजेको नाम : मैतसि भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ९१५०४२०२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३९/११/०८ | **२. नाम : भक्त कुमारी भुजेल**<br>पतिको नाम : देव राज भुजेल<br>ससुराको नाम : धनबिर भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ०६४६५२५५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४१/०१/२५ |
| **३. नाम : सुरज भुजेल**<br>बाबुको नाम : देबराज भुजेल<br>बाजेको नाम : धनबिर भुजेल<br>ठेगाना : यज्ञभुमी - ३, धनुषा<br>ना.प्र.प.नं. : १७१०५०/६५६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६८/०२/०२ | **४. नाम : कविना भुजेल**<br>पतिको नाम : श्रीधर कुमार भुजेल<br>ससुराको नाम : देबराज भुजेल<br>ठेगाना : निबुवाटार - १, मकवानपुर<br>हाल : धनुषाधाम - ८, धनुषा<br>ना.प्र.प.नं. : ३१-०१-७०-०३८००<br>जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०७०/०३/२७ |

**धितोको विवरण**

देव राज भुजेलको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको यज्ञभुमी - ३, धनुषा स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-५-१२-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### २. ऋणीको विवरण

**नाम : युगल किशोर पासमान**
बाबुको नाम : मंगल पासमान, बाजेको नाम : ज्ञानी पासमान
ठेगाना : देवपुरा रुपैठा - ९, धनुषा
ना.प्र.प.नं. : १७३०८१/६६३, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/११/०४
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : युगल किशोर पासमान**<br>बाबुको नाम : मंगल पासमान<br>बाजेको नाम : ज्ञानी पासमान<br>ठेगाना : देवपुरा रुपैठा - ९, धनुषा<br>ना.प्र.प.नं : १७३०८१/६६३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/०४ | **२. नाम : अनिता देवी पासमान**<br>पतिको नाम : युगल किशोर पासमान<br>ससुराको नामः मंगल पासमान<br>ठेगाना : जनकपुर - २०, धनुषा<br>ना.प्र.प.नं : १७-०१-७३-०९७४५<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७३/०८/१३ |

**धितोको विवरण**

युगल किशोर पासमानको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको देवपुरा रुपैठा - ९, धनुषा स्थित कित्ता नं. २६३५ को क्षेत्रफल ०-०-४-४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ३. ऋणीको विवरण

**नाम : गामी इन्टरप्राइजेज**
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय
दर्ता नं. : ९३०९/६१४/०७३/०७४, दर्ता मिति : २०७३/०८/०१
ठेगाना : जनकपुर न.पा. - २, धनुषा
**प्रोप्राईटर : राम शंकर गामी, शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुदीबती सुडी**<br>पतिको नाम : देब रतन गामी<br>ससुराको नाम : जुगेश्वर गामी<br>ठेगाना : मझौलिया -५, सिरहा<br>हाल : जनकपु -२, धनुषा<br>ना.प्र.प.नं. : १६३, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६४/०४/२४ | **२. नाम : राम शंकर गामी**<br>बाबुको नाम : देब रतन गामी<br>बाजेको नाम : जुगेश्वर गामी<br>ठेगाना : सबैला -३, धनुषा<br>हाल : जनकपुर -२, धनुषा<br>ना.प्र.प.नं. : १७१०३३/४२०<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६७/०४/२६ |

**धितोको विवरण**

सुदीबती सुडी को नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको धनुषा जिल्ला, भरतपुर -७ क स्थित कित्ता नं. १९ को क्षेत्रफल ०-१७-१९ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ४. ऋणीको विवरण

**नाम : अनुस्का निर्माण सेवा**
दर्ता गर्ने निकाय : प्रदेश सरकार, मधेष प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय
दर्ता नं. : १३२९९/९६५/०७७/०७८, दर्ता मिति : २०७७/०९/२८
रजिष्टर्ड कार्यालय : जनकपुर - १६, धनुषा
**प्रोप्राईटर : राम मिलन राउत कुर्मि**

**नाम : परमिला देवी**
पतिको नाम : राम मिलन राउत कुर्मि, ससुराको नाम : राम सेवक राउत कुर्मि
ठेगाना : औरही - ५, धनुषा
ना.प्र.प.नं. : १७-०१-७४-१४३९३, जि.प्र.का. धनुषा, जारी मिति : २०७४/१२/०६
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : परमिला देवी**<br>पतिको नाम : राम मिलन राउत कुर्मि<br>ससुराको नाम : राम सेवक राउत कुर्मि<br>ठेगाना : औरही - ३, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-१४३९३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/१२/०६ | **२. नाम : राम मिलन राउत कुर्मि**<br>बाबुको नाम : राम सेवक राउत कुर्मि<br>बाजेको नाम : धनपैत राउत<br>ठेगाना : चक्कर - ५, धनुषा<br>ना.प्र.प.नं. : १८२१२९३३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०४/११ |

**धितोको विवरण**

परमिला देवीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको लवटोली - १ क, धनुषा स्थित कित्ता नं. ५८ र ४४१ को क्षेत्रफल क्रमशः ०-७-१८-० र ०-७-५-० बिगहा तथा जनकपुर - १, धनुषा स्थित कित्ता नं. ४२४ को क्षेत्रफल ०-०-१०-३.५ बिगहाको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ५. ऋणीको विवरण

**नाम : प्रणय निमार्ण सेवा प्रा.लि.**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : १६०३९८/०७३/०७४, दर्ता मिति : २०७३/०९/०४
रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा
**सञ्चलकहरु : मनोज झा र प्रेमकली देवी झा**

**नाम : प्रणय जेनरल अर्डर सप्लायर्स**
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा
दर्ता नं. : १७७५३/२५३८/०७७/७८, दर्ता मिति : २०७८/०३/०७
रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा
**प्रोप्राईटर : मनोज झा, शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : मनोज झा**<br>बाबुको नाम : योगेन्द्र झा<br>बाजेको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६८३०१७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५१/०९/०६ | **२. नाम : रिना झा**<br>पतिको नाम : मनोज झा<br>ससुराको नाम : योगेन्द्र झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/२२०८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/१०/२४ |
| **३. नाम : प्रेम कली देवी झा**<br>पतिको नाम : शोभित झा<br>ससुराको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२५९३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५२/१२/०५ | **४. नाम : राजिब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२३३४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०१/१२ |
| **५. नाम : संजीब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२४७०<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०६/१८ | **६. नाम : चन्द्र कला देवी**<br>पतिको नाम : योगेन्द्र झा<br>ससुराको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६९११६९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४०/११/०८ |

**धितोको विवरण**

१. प्रेम कली देवी झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कित्ता नं. १३, १०४, ४०, १८८, ४१ र १८९ को क्षेत्रफल क्रमशः ०-०-४-३, ०-०-१५-११, ०-०-१-१, ०-०-११-३, ०-०-२-१ र ०-०-४-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. मनोज झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - २, धनुषा स्थित कित्ता नं. २०३ र २०५ को क्षेत्रफल क्रमशः ०-०-१७-१ र ०-०-३-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. चन्द्र कला देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको भंगहा - ६ च, महोत्तरी स्थित कित्ता नं. १५५ को क्षेत्रफल ०-७-०-१ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ६. ऋणीको विवरण

**नाम : राम ललन मण्डल**
बाबुको नाम : जुडी कापर केवट, बाजेको नाम : रामेश्वर कापर
ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी, हाल : जनकपुर - ९, धनुषा
ना.प्र.प.नं. : ४९९३१५६०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५०/०४/१४
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रेखा देवी**<br>पतिको नाम : भोगेन्द्र प्र.मण्डल<br>ससुराको नाम : जुडी कापर केवट<br>ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : १८३००९११२,<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१८ | **३. नाम : शोशिला देवी कापर**<br>पतिको नाम : जुडी कापर केवट<br>ससुराको नाम : रामेश्वर कापर<br>ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : १८-०१-६९-०००६२ जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६९/१०/१५ |
| **२. नाम : सरिता देवी**<br>पतिको नाम : राम ललन मण्डल<br>ससुराको नाम : जुडी कापर केवट<br>ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : १८३०१९११३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/१८ | **४. नाम : जुडी कापर केवट**<br>बाबुको नाम : रामेश्वर कापर<br>बाजेको नाम : जलधारी कापर<br>ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : ०५१३१३७१<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३१/०५/१० |

**५. नाम : भोगेन्द्र प्रसाद मण्डल**
बाबुको नाम : जुडी कापर, बाजेको नाम : रामेश्वर कापर
ठेगाना : कोल्हुवा बगेवा - ९, महोत्तरी, हाल : जनकपुर - ९, धनुषा
ना.प्र.प.नं. : ४९९३१६८२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५३/०५/०६

**धितोको विवरण**

जुडी कापरको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको बहेरा जब्दी - ९, हाल एकडारा - ५, महोत्तरी कित्ता नं. २७१, २९०, २९१ र ३०९ क्षेत्रफल क्रमशः ०-०-८-०, ०-०-२-१४, ०-०-२-१३ र ०-४-६-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ७. ऋणीको विवरण

**नाम : जिबछी देवी यादव**
पतिको नाम : विजय यादव, ससुराको नाम : राम असरे यादव
ठेगाना : गिद्धा - ७, धनुषा, हाल : विदेह - ७, धनुषा
ना.प्र.प.नं. : ३३०२२१३९, जि.प्र.का. धनुषा, जारी मिति : २०६०/१२/२७
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : जिबछी देवी यादव**<br>पतिको नाम : विजय यादव<br>ससुराको नाम : राम असरे यादव<br>ठेगाना : गिद्धा - ७, धनुषा<br>हाल : विदेह - ७, धनुषा<br>ना.प्र.प.नं. : ३३०२२१३९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६०/१२/२७ | **२. नाम : विजय यादव**<br>बाबुको नाम : राम असरे यादव<br>बाजेको नाम : सरजुग यादव<br>ठेगाना : गिद्धा - ७, धनुषा<br>हाल : विदेह - ७, धनुषा<br>ना.प्र.प.नं. : ३३०२१४५८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४९/०१/१० |

**धितोको विवरण**

लुम्विनी विकास बैंक धनी भइ जिबछी देवी यादव ऋणीको नाममा यातायात ब्यवस्था कार्यालय ललितपुरमा दर्ता रहेको सवारी नं. प्र २-०२ ००१ स १२१३ रहेको VINAYAK MAk RE टेम्पो ।

### ८. ऋणीको विवरण

**नाम : सुकमाया देवी**
बाबुको नाम : सार्के विश्वकर्मा, ससुराको नाम : बागिस ठाकुर भुमिहार
ठेगाना : बगडा - १, महोत्तरी, हाल : लोहरपट्टी - १, महोत्तरी
ना.प्र.प.नं. : १८-०१-७१-०५१३४, जि.प्र.का. धनुषा, जारी मिति : २०७१/०८/१९
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : सुकमाया देवी**<br>बाबुको नाम : सार्के विश्वकर्मा<br>ससुराको नाम : बागिस ठाकुर भुमिहार<br>ठेगाना : बगडा - १, महोत्तरी<br>हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७१-०५१३४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७१/०८/१९ | **२. नाम : आलोकनाथ ठाकुर**<br>बाबुको नाम : रविन्द्र ठाकुर भुमिहार<br>बाजेको नाम : बागिस ठाकुर भुमिहार<br>ठेगाना : बगडा - १, महोत्तरी<br>हाल : लोहरपट्टी - १, महोत्तरी<br>ना.प्र.प.नं. : १८-०१-७२-०५४२४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/११/१८ |

**३. नाम : रविन्द्र ठाकुर भुमिहार**
बाबुको नाम : बागिस ठाकुर भुमिहार, बाजेको नाम : बाके ठाकुर
ठेगाना : बगडा - १, महोत्तरी, हाल : लोहरपट्टी - १, महोत्तरी
ना.प्र.प.नं. : ०४३३३५२७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०४६/०८/०६

**धितोको विवरण**

सुकमाया देवीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको यज्ञभुमि - ७ ङ, धनुषा स्थित कित्ता नं. ९७१ को क्षेत्रफल ०-०-१०-० (बिगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### ९.

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : भरत जैसवाल**<br>बाबुको नाम : पशुपति प्रसाद जैसवाल<br>बाजेको नाम : नरासिंह प्रसाद<br>ठेगाना : जनकपुर - १, धनुषा<br>ना.प्र.प.नं. : ३९६९२८५४<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४८/१०/२२<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : विका कुमारी चौधरी**<br>पतिको नाम : भरत जैसवाल<br>ससुराको नाम : पशुपति प्रसाद जैसवाल<br>ठेगाना : जनकपुर - १, धनुषा<br>विवाह दर्ता नं. : १००१९४<br>जारी मिति : २०७७/११/१०<br>जनकपुर उ.म.न.पा. |

**धितोको विवरण**

भरत जैसवालको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर - १, धनुषा स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-०-७-२३/४ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### १०. ऋणीको विवरण

**नाम : देव विल्डर्स प्रा.लि.**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : १६६४८८/०७३/०७४, दर्ता मिति : २०७३/१२/२१
ठेगाना : जनकपुर - ४, धनुषा
**संचालक/शेयरधनी : बिरेन्द्र यादव, शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : बिरेन्द्र यादव**<br>बाबुको नाम : मोहन रान<br>बाजेको नाम : चुल्हाई रान<br>ठेगाना : बल्हा कठाल - ५, धनुषा<br>हाल : जनकपुर - १६, धनुषा<br>ना.प्र.प.नं. : ०६२०५०१८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०८/२५ | **२. नाम : विशम्बर कुमार यादव**<br>बाबुको नाम : मोहन रान<br>बाजेको नाम : चुल्हाई रान<br>ठेगाना : बल्हा कठाल - ५, धनुषा<br>हाल : जनकपुर - १६, धनुषा<br>ना.प्र.प.नं. : १७१००५/२५२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७०/०२/१६ |
| **३. नाम : सखिया देवी**<br>पतिको नाम : मोहन रान यादव<br>ससुराको नाम : चुल्हाई रान<br>ठेगाना : बल्हा कठाल - ५, धनुषा<br>हाल : जनकपुर - १६, धनुषा<br>ना.प्र.प.नं. : ०६२०४६७६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/११ | **४. नाम : इन्दु देवी**<br>पतिको नाम : विरेन्द्र यादव<br>ससुराको नाम : मोहन रान<br>ठेगाना : जनकनन्दिनी - ६, धनुषा<br>हाल : जनकपुर - १६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७८-००८९०<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७८/०३/२२ |

**धितोको विवरण**

१. विरेन्द्र कुमार यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ३ घ, धनुषा स्थित कित्ता नं. २४३, २४४ र २४५ को क्षेत्रफल क्रमशः ०-७-५-०, ०-६-१७-० र ०-६-१७-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. सखिया देवीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर - १६, धनुषा स्थित कित्ता नं. १९९ को क्षेत्रफल ३०२.३३ (वर्ग मिटर) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. लुम्बिनी विकास बैंक धनी भई देव विल्डर्स प्रा.लि. ऋणीको नाममा यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको सवारी साधनहरु प्रदेश २-०२-००१च-०३२२ र प्रदेश २-०२-००१क-०४८० रहेका Scorpio / Tata Hitachi Excavator रहेको थान २ ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ फाल्गुण २६ गते सोमबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ फाल्गुण २७ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले मनायो वार्षिकोत्सव



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश विज्ञान स्वास्थ्य प्रतिष्ठानको चौथो वार्षिकोत्सवकोअवसरमाशुभकामना दिएका छन् ।

जनकपुरधाममा सोमबार आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले प्रतिष्ठानले गरेको कार्य र प्राप्त उपलब्धीलाई मध्यनजर गर्दै थप प्रगति गरी मधेशका विद्यार्थीको भविष्य र मधेशको भविष्य उज्जवलको कामना गरे ।

जनसंख्या तथा स्वास्थ्यमन्त्री सत्रुध्न सिंहले स्वास्थ्य र शिक्षा क्षेत्रमा प्रतिष्ठानले गरेका प्रगतिको प्रशंसा गरे ।

भिसि. डा. अंकुर साहले सरकारी अस्पतालमा स्वास्थ्य र शिक्षाको क्षेत्रमा निरन्तर सेवा प्रवाहको प्रतिबद्धता व्यक्त गरे । उनले जिल्ला र स्थानीय अस्पताललाई प्रादेशिक अस्पतालसँग जोड्ने योजनामा अघि बढ्नुपर्ने बताए ।

रजिष्ट्रार विनोद यादवले उत्पादनको माग बढाउन र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा कुनै बजेट अभाव हुन नदिन अर्थ मन्त्रालयले आवश्यक सहजीकरण गर्ने उल्लेख गरे। उनले बजेट निर्माण प्रक्रियाका लागि वित्तीय योजनाहरू समयमै पेश गर्न आग्रह गरे ।

रेक्टर डा. रामनरेश पण्डितले प्रतिष्ठानले यस चार वर्षमा एमबिबिएसको अध्ययन, अध्ययन तथा शैक्षिक क्षेत्रमा विभिन्न विषयगत शिक्षाको व्यवस्था, प्रादेशिक अस्पताल जनकपुरको सरसफाइलगायतका विभिन्न विषयमाथि प्रकाश पारेका थिए ।

# केआईआईटी विश्वविद्यालयमा नेपाली विद्यार्थीलाई छात्रावासमा राखिने

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको उडिसा राज्यको भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयले नेपाली विद्यार्थीलाई छात्रावासमा राखेर कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने जनाएको छ । नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले विज्ञप्ति जारी गर्दै राजदूतावासबाट अनुरोध भएबमोजिम उक्त विश्वविद्यालयले नेपाली विद्यार्थीहरूलाई छात्रावासमा बस्ने व्यवस्था मिलाई कक्षा सञ्चालनको व्यवस्था गर्ने जानकारी गराएको उल्लेख गरेको छ ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'उक्त छलफलमा यस राजदूतावासले सो शैक्षिक संस्थामा रहेका नेपाली विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्दै शैक्षिक संस्थाको छात्रावासमा नै बस्ने प्रबन्ध मिलाउन अनुरोध गरेको थियो ।

त्यसैगरी, उक्त शैक्षिक संस्थामा रहेका नेपाली विद्यार्थीहरूको कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउन समेत अनुरोधगरिएकोथियो।यसराजदूतावासबाट अनुरोध भएबमोजिम उक्त शैक्षिक संस्थाले सोहीअनुसार विद्यार्थीहरूलाई छात्रावासमा बस्ने व्यवस्था मिलाई नेपाली विद्यार्थीहरूको लागि कक्षा सञ्चालनको व्यवस्था गर्ने जानकारी यस राजदूतावासलाई गराएको छ ।'




केआईआईटी विश्वविद्यालयको होस्टलमा एक नेपाली छात्राले आत्महत्या गरेकी थिइन् । मृतक छात्रा रुपन्देहीको प्रकृति लम्साल रहेको बताइएको छ ।

लम्सालले आत्महत्या गरेपछि उक्त कलेजमा नेपाली विद्यार्थीले विरोध प्रदर्शन गरेका थिए । कलेज प्रशासनले विरोध प्रदर्शनमा उत्रिएका नेपाली विद्यार्थीलाई होस्टेलबाट निकालेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

राजदूतावासले लम्सालको मृत्युको सम्बन्धमा स्वतन्त्र एवं निष्पक्ष तवरले अनुसन्धान हुन जोड दिएकोमा उक्त विश्वविद्यालयले गम्भीरतापूर्वक लिने प्रतिबद्धता व्यक्त गरेको जनाइएको छ ।

यता परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतको ओडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा भएको घटनाका विषयमा आवश्यक कूटनीतिक पहल भइरहेको जानकारी दिइन् । सो विश्वविद्यालयको होस्टेलमा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु भएको र त्यसपछि नेपाली विद्यार्थीमाथि भएको व्यवहारका सन्दर्भमा आफू आज बिहानदेखि नै सम्पर्कमा रहेर आवश्यक कूटनीतिक पहल थालेको उनले बताइन् ।

सो होस्टलमा एक नेपाली छात्राले आत्महत्या गरेपछि विद्यार्थीहरुलाई रातारात होस्टेल छाड्न बाध्य बनाइएको छ । मृतक छात्राको नाम प्रकृति लम्साल हो । उनी रुपन्देहीकी हुन् ।

मृतक लम्साल इन्जिनियरिङ कलेजमा बी-टेक तेस्रो वर्षमा अध्ययनरत थिइन् । लम्सालले आत्महत्या गरेपछि उक्त कलेजमा नेपाली विद्यार्थीले विरोध प्रदर्शन गरेका थिए। कलेज प्रशासनले विरोध प्रदर्शनमा उत्रिएका नेपाली विद्यार्थीलाई होस्टेलबाट निकालेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

केआईआईटीका रजिस्ट्रारका अनुसार बी-टेक तृतीय वर्षमा अध्ययनरत नेपाली छात्राले आइतबार होस्टेलमै आत्महत्या गरेकी थिइन् । उनको केआईआईटीमै अध्ययनरत एक छात्रसँग प्रेम सम्बन्ध रहेको र कुनै विषयमा उनीहरूबिच विवाद भएकाले यस प्रकारको घटना भएको हुन सक्ने विभिन्न स्रोतलाई उद्धृत गर्दै भारतीय संचारमाध्यमले जनाएको छ ।

# स्थानीय मौलिकता मेटाउने जेहादी नामकरणको विरोध

**टुडे समाचारदाता**

बारा । राष्ट्रिय एकता अभियान बाराले स्थानीय पहिचानलाई मेटाउँदै विदेशी मुस्लिम नामाकरणको विरोध जनाएको छ। एकता अभियानले बारा जिल्लाका केही स्थानहरूको ऐतिहासिक र भौगोलिक पहिचान मेटाउने गरी पुरानो नामका सट्टा गरिएको नया नामाकरणको बिरोध जनाएको हो । पुरानो नाम र स्थानिय पहिचान मेट्ने गरी गरिएको नायानामकरणको बिरोध जनाउदै त्यसलाई अबिलम्ब हटाउन बारा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सोमबार ज्ञापन पत्र बुझाएको छ। अभियानले प्रमुख जिल्ला अधिकारीलाई दिएको ज्ञापन पत्रमा विदेशी शब्दमा आधारित गरिएको नामाकरणबाट स्थानिय पहिचान मेटाउने जेहादी सडयन्त्र मुलुकमा भइएको प्रति गम्भीर आपत्ति जनाइएको छ । जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी वसंत अधिकारीलाई अभियानका नेताहरुले ज्ञापनपत्र बुझाउँदै



मौलिक पहिचान मेट्ने नामकरण अबिलम्ब हटाउन आग्रह गरे ।

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवका अनुसार, फेटा गाउँपालिका अन्तर्गतको फेटा बजारलाई "मुस्तफा चौक" र कोलबी नगरपालिका-७ स्थित धोधरपा गाउँ स्थित "अन्सारी चोक" जस्ता नयाँ नामकरण नेपालको मौलिक परम्परासँग मेल नखाने भएकाले त्यतोनामकरण भएका जिल्लाका सबै बोर्डहरु अबिलम्ब हटाउने माग गरेको छ।

बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई बुझाएको ज्ञापनपत्रमा नेपालको ऐतिहासिक स्थानहरूको मौलिकता जोगाउन प्रशासनले कडा अनुगमन गर्नुपर्ने र विदेशी जेहादीहरुको इसारामा भइरहेका यस्ता साम्प्रदायिक गतिविधि पुनः नदोहोऱ्याउने गरी दीर्घकालीन नीति निर्माण गर्नुपर्ने उल्लेख गरिएको छ । नेपाल बहुसांस्कृतिक राष्ट्र भए पनि बाह्य प्रभावका कारण मुलुकको मूल पहिचान मेट्ने कार्य कुनै पनि हालतमा, कुनै पनि स्वाभिमानी नेपालीलाई स्वीकार्य नहुने संगठनले जनाएको छ।

राष्ट्रिय एकता अभियानले नेपाल सरकार तथा स्थानीय प्रशासनसँग शीघ्र आवश्यक निर्णय तथा उचित कारबाहीको माग गर्दै नेपालको सांस्कृतिक पहिचान बचाउन यो कदम आवश्यक रहेको ज्ञापन पत्रका उल्लेख छ।

# निजी विद्यालयहरुको विवरण संकलन




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले सबै वडामा सञ्चालित निजी विद्यालयहरुको विवरण माग गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा तथा खेलकुद शाखाले एक पत्र लेख्दै वडाभित्र रहेका सबै निजी विद्यालयहरूको तथ्यांक संकलन गर्न आग्रह गरेको छ।

गत पुस २ गतेको जनकपुरधाम उपमहानगरको बैठकमा वडाहरुसँग निजी विद्यालयहरुको विवरण माग गर्ने निर्णय गरिए पनि सो निर्णय अनुसार विवरण उपलब्ध नगरिएको भन्दै उपमहानगरपालिकाले पुनः फागुन ४ गते पत्र लेख्दै तीन दिनभित्र विवरण उपलब्ध गराउन भनेको छ।

सो पत्रमा विद्यालयहरूको स्थलगत निरीक्षण गर्ने र कति कक्षासम्मको अनुमति लिएको, कति कक्षासम्म सञ्चालन भइरहेको र विद्यालय सञ्चालनका लागि नियमानुसार अनुमति लिएको कि नगरेको भन्ने विवरण समेत समावेश गर्न भनिएको छ।

शिक्षा तथा खेलकुद शाखाका प्रमुख धीरेन्द्र लाल कर्णद्वारा हस्ताक्षरित पत्रमा वडाहरुले सो जानकारी चाँडै उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ। यसअघि पनि पालिकाले पुस २ गते सम्पूर्ण वडाहरुलाई पत्राचार गरी वडाभित्र कति संख्यामा निजी विद्यालयहरु संचालनमा छन् भन्ने जानकारी मागेको थियो । तर, वडाध्यक्षहरुले पालिकाको पत्रको अनुरोधलाई बेवास्ता गर्दै कुनै प्रतिक्रिया दिएका थिएनन्। यसकारण पालिकाले पुनः फागुन ४ गते पत्राचार गरी ताकेता गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाले पहल गरेर विद्यालयहरूको अनुगमनमा सुधार ल्याउन र निजी विद्यालयहरूको सञ्चालनमा पारदर्शीता सुनिश्चित गर्न चाहेको छ । तीन दिनभित्रमा सबै वडाहरुलाई पालिकामा आवश्यक विवरण बुझाउन भनिएको छ।

# अग्निपीडितलाई जस्ता पाता, मुसहर समुदायलाई ज्याकेट र टोपी वितरण



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा अग्नीपीडितलाई जस्तापाता, मुसहर समुदायलाई ज्याकेट र टोपी वितरण गरिएको छ।

जिल्लाको राजदेवी नगरपालिका-५ स्थित पासवान टोलमा गत पुष महिना राति भएको आगलागीका कारण आठ घर पूर्णरूपमा जलेर नष्ट भएको थियो । पीडित परिवारलाई प्रारम्भिक राहतस्वरूप विभिन्न संघसंस्थाले खाद्यान्न तथा आवश्यक सामग्री उपलब्ध गराएका थिए । अब दीर्घकालीन पुनःस्थापनाका लागि असल छिमेकी नेपाल कास्कीको सहयोग र राजदेवी नगरपालिकाको समन्वयमा जस्ता पाता, काटी र तार सोमवार वितरण गरिएको छ।

> नगरपालिकाका उपप्रमुख राजकुमारी देवीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले आठ पीडित परिवारलाई प्रती घर २४ पिस जस्ता पाता, तीन किलो काटी र तार प्रदान गरिएको जानकारी दिए ।

नगरपालिकाका उपप्रमुख राजकुमारी देवीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले आठ पीडित परिवारलाई प्रती घर २४ पिस जस्ता पाता, तीन किलो काटी र तार प्रदान गरिएको जानकारी दिए। यस राहतले पीडित परिवारलाई आफ्नो पुनर्स्थापना गर्न सहज हुनेछ।

त्यस्तै, राजदेवीनगरपालिका-५ कै पताही मुसहर बस्तीका २० घरपरिवारलाई जाडो छल्नका लागि असल छिमेकी नेपालको सहयोगमा जनही एक ज्याकेट र पाँच टोपी वितरण गरिएको छ।

यसअघि पनि असल छिमेकी नेपालले राजदेवी नगरपालिकाका बाढी पीडितलाई खाद्यान्न र सुत्केरी महिलालाई स्वास्थ्य सामग्री किट प्रदान गरिसकेको थियो । आगामी दिनमा नगरवासीका लागि निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरी आवश्यक औषधि तथा स्वास्थ्य सामग्री वितरण गर्ने योजना रहेको असल छिमेकी नेपालका कार्यक्रम अधिकृत सुरेन्द्र दासले जानकारी दिए।

नगरपालिकाले असल छिमेकी नेपालले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै कार्यक्रम अधिकृत सुरेन्द्र दासलाई गम्छा ओढाएर सम्मान समेत गरेको थियो।

# आगलागीबाट पाँच विघाको पराल जल्दा क्षति

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-७ स्थित डाँडाटोलमा सोमबार एक भैंसी फार्ममा आगलागी हुँदा पाँच बिघाको पराल जलेर नष्ट भएको छ।

जिल्लाको डाँडाटोलका लेखराम जर्गा मगर (अर्जुन) ले सञ्चालन गरेको भैंसी फार्ममा विद्युत् सर्ट भएर आगलागी भएको छ। आगलागीबाट करिब पाँच बिघाको पराल जलेर नष्ट भएको पीडितले जनाएको छ।

भैंसीलाई खुवाउनका लागि किनेर राखिएको २१/२२ बिघाको ४ वटा परालको टालमध्ये एउटा टालको पराल जलेर नष्ट भएको छ । अन्य तीन वटा परालको टालमा भने आगोले भेट्न पाएन।



आगलागी हरिवन र मलंगवा नगरपालिकाबाट आएका दुई वटा दमकल, जेसिभी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी र स्थानीय बासिन्दा भएर नियन्त्रणमा लिएको लालबन्दी ७ का वडाध्यक्ष कृष्णकुमार कार्की (गोपाल) ले बताउए । पराल भित्रभित्रै आगो सल्किएकाले नियन्त्रणमा लिन करिब चार घण्टा लाग्यो।

सोमबार दिउँसो साँढे १ बजेपछि शुरु भएको आगलागी साँझ साँढे ५ बजेतर्फ मात्रै पूर्णरूपमा नियन्त्रणमा आएको स्थानीय प्रकाश पोखरेलले बताए। आगलागीमा परेर एउटा लैनो भैंसी समेत जलेर घाइते भएको छ।

घाइते भैंसीलाई फार्ममै नगरपालिकाका पशु चिकित्सक बोलाएर उपचार गरिएको वडाध्यक्ष कार्कीले बताए । उनले प्रारम्भिक विवरण अनुसार आगलागीबाट करिब दुई लाख रुपियाँ बराबरको क्षति भएको बताए।

# खैरो हिरोइनसहित रकम बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विभिन्न स्थानबाट लागूऔषध (खैरो हिरोइन) र रकमसहित तीन जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको छ।

सोमबार पत्रकार सम्मेलनमार्फत जिल्लाको विभिन्न स्थानबाट बरामद भएका लागूऔषध खैरो हिरोइन र ३९ ग्रामभन्दा बढी रहेको धनुषा प्रहरीले जनाएको छ।

धनुषाको गणेशमान चारनाथनगरपालिकास्थितबालुवा खोलामा लागूऔषध खैरो हिरोइन बिक्री वितरण भइरहेको सूचनाको आधारमा ढल्केवरबाट खटेको प्रहरीको टोलीले खैरो हिरोइन जस्तो देखिने पदार्थ ३९.१९० ग्रामसहित मोटरसाइकलमा सवार २५ वर्षीय राजेश यादवलाई पक्राउ गरेको धनुषा प्रहरीका एसपी भुवनेश्वर तीवारीले जनाए।

त्यस्तै गत २९ गते जनकपुरधाम उपमहानगरपालिका वडा नं. २१ स्थित कुर्थामा चेक



जाँच गर्नै क्रममा मोटरसाइकलमा सवार अस्फाक राइन र सल्मत अलीलाई ५.६ मिलि ग्राम खैरो हिरोइन जस्तो देखिने लागु औषध पदार्थसहित पक्राउ गरेको एसपी तीवारीले बताए।

त्यस्तै फागुन ४ गते जनकपुरधाम वडा नं. ८ स्थित न्यू अनुष्का ट्रेडर्स मनी ट्रान्सफर्सबाट श्रोत नखुलेको ४७ लाख ८४ हजार ६३५ रुपैयाँ बरामद भएको छ।

सो रकम कस्को र कहाँबाट आएको भन्ने विषयमा जनकपुरधाम वडा नं ८ का जेनिस कुमार साहलाई अनुसन्धानका लागि हिरासतमा लिइएको एसपी तीवारीले बताए।

त्यस्तै, सोही दिन वडा नं. ८ बाट १० लाख नेपाली रुपैयाँसहित भारत सितामढीका ४२ वर्षीय जामुन नायकलाई पक्राउ गरेको उनले बताए।

पक्राउ परेका सबैजनालाई अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।


**फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।**

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लाष्टिक प्रयोग नगरौं,
- प्लाष्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुनःप्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८